सत्रौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष **श्री सिता थापाद्वारा** प्रस्तुत

# आँधीखोला गाउँपालिकाको

# आर्थिक वर्ष २०८२/०८३ को बजेट बक्तव्य

*आँधीखोला गाउँपालिका*
*गाउँ कार्यपालिकाको कार्यालय*
*कृषि, स्याङ्जा*

**मिति: २०८२ असार ९ गते सोमबार**

***"कृषि, पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार; सेवा, विकास, सुशासन र समृद्धि हाम्रो कार्यभार"***

# *आँधीखोला गाउँपालिकाको सत्रौं गाउँसभा*

# *आ.व. २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमको बक्तव्य*

**गरीमामय सत्रौं गाँउ सभाका सभाध्यक्ष महोदय,**

सभा सचिवज्यू, सभा सदस्य ज्यूहरू, कर्मचारी मित्रहरू, सम्पूर्ण आँधीखोलावासी आदरणीय बुवा आमा, दाजुभाई तथा दिदीबहिनी, पत्रकार मित्रहरू साथै प्रत्यक्ष प्रसारण मार्फत यस आँधीखोला गाँउपालिकाको आर्थिक वर्ष २०८२/०८३ प्रस्तावित आय व्यय विवरण सुनिरहनु र हेरिरहनु भएका सम्पूर्ण आदरणीय महानुभावहरू,

नेपाली जनताको आम सहभागिता, उच्च वलिदान, ऐतिहासिक संयुक्त जन आन्दोलनबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ ले स्थापित गरेका तीन तहको सरकार मध्ये संघीय र प्रदेश सरकारले आफ्नो वार्षिक नीति तथा कार्ययम सहित वार्षिक आय व्यय विवरण बजेट प्रस्तुत गरीसकेको सन्दर्भमा, आँधीखोला गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि नीति तथा कार्यक्रम सभा अध्यक्ष ज्यू मार्फत सभामा पेश भई सर्वसम्मत रूपमा पारित भईसकेको छ। सत्रौं गाउँ सभाको मिति २०८२ साल असार ६ गतेको पहिलो बैठकबाट पारित नीति तथा कार्यक्रममा आधारित रहेर सभाको दोश्रो बैठक समक्ष आर्थिक वर्ष २०८२/०८३ को लागि अनुमानित आय व्यय विवरण बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

सर्वप्रथम,

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाको लागि नेपाली जनताबाट भएका पटक पटकका जनआन्दोलन र शान्तिपूर्ण जनक्रान्तिका क्रममा शाहदत प्राप्त गर्नुहुने महान शहिद प्रति भावपूर्ण श्रद्राञ्जली अर्पण गर्दै उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु। पटक पटकका आन्दोलनमा घाइते हुनुभएका अथक योद्धाको पूर्ण स्वास्थ्य लाभको कामना गर्दै परिवर्तनका संवाहक सम्पूर्ण जन समुदायप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रचलित कानुनको दायरामा रहि सत्रौं सभाको प्रथम बैठकबाट पारित नीति तथा कार्यक्रमको जगमा उभिएर समाजका प्रवुद्ध व्यक्तिहरू, समाजसेवी, राजनितिक दल, सामाजिक व्यक्तिहरू सरकारी तथा गैर सरकारी संघ संस्था शिक्षक, कर्मचारी, पत्रकार, युवा, महिला, जनजाति उत्पीडित समुदाय समेतबाट प्रत्यक्ष भेटघाट अन्तरक्रिया साथै सामाजिक संजाल फेसबुक, भाईबर, म्यासेन्जर, ह्वाट्सअप, इमेल जस्ता माध्यमबाट प्राप्त सुझावलाई समेत आत्मसात गर्दै आ.व २०८२/०८३ को लागि प्रस्तावित बजेट समावेशिताको सिद्वान्त र पालिकाको सामर्थ्यतामा आधारित भई तयार गरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

सम्मानित सभाका सभाध्यक्ष महोदय तथा सभा सदस्य ज्यूहरू,

सीमित साधन, श्रोत र बजेटको परिधिभित्रबाट असीमित ईच्छा, आकाङ्क्षा र योजनालाई समेट्दै दिगो, प्रभावकारी र लाभदायी योजना कार्यान्वयनमार्फत आम आँधीखोलावासी समुदायलाई सार्थक समृद्धिको प्रत्याभूति दिन हामी प्रतिबद्ध छौं।

आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट तर्जुमा गर्दा गाउँपालिकाको विकासको आवश्यकता, दीर्घकालीन विकासका लक्ष्य, संविधानको अनुसूचीमा स्थानीय तहलाई प्राप्त अधिकारको सीमारेखा भित्र रही सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरूप गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, आँधीखोला गाउँपालिकाको दोस्रो आवधिक योजना, राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन, विषयगत समितिहरूको बैठक, राजनीतिक दल, विद्धत वर्ग, नागरीक समाज, आम नागरीक, निजी क्षेत्र लगायत अन्य सरोकारवालासँग प्रत्यक्ष अप्रत्यक्ष छलफल र अन्तरक्रिया गरी प्राप्त सुझावलाई आधार लिएको पनि स्मरण गर्न चाहन्छु।

स्थानीय स्रोत र साधनको उच्चतम उपयोग गर्दै गाउँपालिकाको चौतर्फी विकासका लागि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेको आर्थिक वर्ष २०८२।०८३ मा अवलम्बन गरीने नीति तथा कार्यक्रमको आधारमा बजेट तय गर्दा संघीय एवं प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, सशर्त अनुदान, राजस्व बाडफाड एवं आन्तरिक स्रोत समेतलाई मुख्य आधार बनाइएको छ।

***सभाध्यक्ष ज्यू,***

अब, म गत आ.व. २०८०/०८१ को आम्दानी र खर्चको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु।

***आय तर्फ***

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, सशर्त अनुदान चालू तथा पूँजीगत, विशेष अनुदान र समपुरक अनुदान गरी जम्मा रू ३७ करोड ५ लाख ७७ हजार, राजश्व बाडफाडँ तर्फ संघ तर्फ रू ५ करोड ८१ लाख २३ हजार, प्रदेश राजश्व बाँडफाँड तर्फ रू ४२ लाख ६४ हजार, गत आ.व. को जिम्मेवारी सहित आन्तरिक आय लगायत अन्य विविध क्षेत्रको आम्दानी रू २ करोड ४३ लाख ६१ हजार गरी जम्मा कुल आय रू **४५ करोड ७३ लाख २५ हजार** हुन गएको देखिन्छ।

***व्यय तर्फः***

चालु खर्च तर्फ रू २९ करोड ८४ लाख, पूँजीगत खर्च तर्फ रू १५ करोड २५ लाख ६९ हजार गरी जम्मा **कुल खर्च रू ४५ करोड ०९ लाख ६९ हजार** खर्च हुन गई बाँकी रकम अ.ल्या. भई आएको देखिन्छ।

***अब, म चालू आ.व. २०८१/०८२ को प्रस्तावित एवं संसोधित आयव्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।***

चालू आ.व. २०८१/०८२ को सम्पूर्ण कारोबार सकिन अझै केही समय बाँकी रहेकोले संशोधित आय व्यय अनुमान तथा हाल सम्मको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु।

***चालू आ.व. २०८१/०८२ को प्रस्तावित एवं संसोधित आय अनुमानः***

आर्थिक वर्ष २०८०/०८१ को नगद मौज्दात, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड समेत गरी जम्मा रू १ करोड १० लाख ८० हजार, नगद सहभागितामा ४० लाख हुने अनुमान गरिएको थियो। त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू ८ करोड ३६ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रू ७ करोड २८ लाख, सशर्त अनुदान चालू तर्फ रू २१ करोड ११ लाख ४२ हजार, सशर्त अनुदान पूँजीगत तर्फ रू २ करोड १३ लाख, संघीय सरकार समपूरक अनुदान पूँजीगत रू १ करोड ५० लाख, संघीय सरकार विशेष अनुदान रू १ करोड ५० लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान रू १ करोड १ लाख, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रू ४२ लाख, प्रदेश समपूरक अनुदानबाट रू ६० लाख, प्रदेश सरकार विशेष अनुदान पूँजीगत रू ४० लाख, सडक बोर्ड रू २५ लाख गरी रू **कुल ५५ करोड ८६ लाख ७ हजार** हुने अनुमान रहेकोमा,

**संसोधित आय तर्फः**

यस आ.व. २०८०/०८१ मा जिम्मेवारी हस्तान्तरण भई आएको अ.ल्या. रकम, **आन्तरिक आयतर्फ** कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व वाँडफाँड नगद सहभागिता समेत गरी जम्मा रू १ करोड ७९ लाख ५२ हजार, संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू ७ करोड ६७ लाख ११ हजार, संघीय सरकारको राजस्व बाँडफाडबाट रू ५ करोड ६५ लाख ५५ हजार, सशर्त अनुदान तर्फ (चालु तथा पुँजीगत) रू २३ करोड ५४ लाख ३ हजार, संघीय सरकार समपूरक अनुदान रू २५ लाख ३० हजार, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँट रू २८ लाख ८५ हजार, गण्डकी प्रदेश सरकारको समानीकरण अनुदान बापत रू १ करोड ६३ हजार, प्रदेश समपूरक अनुदानबाट रू

३० लाख, प्रदेश सरकार विशेष अनुदान रू २० लाख गरी कुल **रू. ४० करोड ७० लाख ९९ हजार** संसोधित आय अनुमान प्रस्तुत गर्दछु।

*हालसम्म प्रस्तावित आय अनुमानका विभिन्न शिर्षकबाट रू. ४० करोड ७० लाख ९९ हजार वास्तविक आम्दानी हुन गएकोमा खर्च तर्फ चालू शिर्षकमा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च र आर्थिक सामाजिक सांस्कृतिक शैक्षिक सामाजिक न्याय तथा समावेशिकरण र सुशासन तर्फ (सशर्त समेत) को कुल बजेट मध्ये हाल सम्मको खर्च रू २३ करोड २१ लाख ५४ हजार (६९.२७ प्रतिशत) र पूँजीगत तर्फ रू ९ करोड १४ लाख ३५ हजार (४९.४६ प्रतिशत) रहेको छ।*

*नेपाल सरकारले लिएको नीति र तोकेको दरमा गत विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फ शंसोधित आय अनुमान रू १२ करोड ०८ लाख ७० हजार रहेको छ।*

चालू आ.व मा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने समानीकरण अनुदान तर्फको अन्तिम किस्ता बापतको ४० प्रतिशत रकम हालसम्म प्राप्त नभएको र राजश्व बाँडफाँड तर्फको संघीय सरकारवाट निर्धारण गरी पठाएको सीमा भन्दा कम रकम प्राप्त भई गाउँपालिकामा आ.व २०८२।०८३ मा थप दायित्व सृजना हुने देखिएको छ।

**आदरणीय सभाध्यक्ष महोदय,**

**सभा सदस्यहरू,**

उल्लेखित खर्चवाट चालू आ.व मा हालसम्म प्राप्त प्रमुख उपलब्धिलाई देहाय बमोजिम प्रस्तुत गरेको छु।

- ❖ राष्ट्रिय प्राकृतिक स्रोत तथा  वित्त आयोगले गरेको मुल्याङ्कनवाट हाम्रो पालिका देशभरिका ७५३ पालिका मध्ये उत्कृष्ट पाँचौ स्थानमा रहन सफल भएको छ। साथै स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) र स्थानीय तह वित्तीय जोखिम मूल्यांकन (FRA) मा उत्कृष्ट अंकका साथ गण्डकी प्रदेशमा दोस्रो स्थान हासिल गर्न सफल भएको।
- ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको मापदण्ड र गण्डकी प्रदेशले निर्धारण गरेको परिधिभित्र रही संगठन र ब्यवस्थापन सर्भेक्षण (O and M ) को काम सम्पन्न गरिएको।
- ❖ निर्वाचन आयोगका आयुक्त डा. जानकी कुमारी तुलाधर, गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्ट र नेपाल सरकारका मुख्यसचिव एक नारायण अर्याल लगायतका विशिष्ठ महानुभावहरूसँग अन्तर्क्रिया र अनुभव आदानप्रदानका काम सम्पन्न गरिएको।

- ❖ राजश्व सम्बन्धी नीति पूर्णरूपमा कार्यान्वयन भएको।चालु आ.व.को जेठ मसान्तसम्म वार्षिक लक्ष्य पूरा गरी थप ११.४८ प्रतिशत राजश्व संकलन गरिएको।
- ❖ आँधीखोला आधारभुत अस्पतालमा २४ सै घण्टा सेवा उपलब्ध गराउन सोलार ब्याकअप जडान गरी नियमित सेवा उपलब्ध गराइएको।
- ❖ सडक सञ्जाल अन्तर्गत २.५ कि.मि. थप भई १२.२ कि.मी. र अन्य निकायहरूवाट ३६ कि.मी. थप भई कुल ४८.२ कि.मी. सडक कालोपत्रे भएको। यसैगरी ढलान १.४ कि.मी थप गरी ३.७ कि मि, ग्राभेल ०.४९ कि. मि. थप भई १६.३९ कि मि, नयाँ ट्र्याक खोल्ने तर्फ १.८ कि.मी. थप भई जम्मा २०.५ कि.मि. सडक निर्माण सम्पन्न गरिएको।
- ❖ मध्यमकालीन खर्च संरचना, ग्रामीण सडक गुरूयोजना, बिपद प्रतिकार्य व्यवस्थापन योजना र म्हाजु भन्ज्याङ्ग गोरूजुरे डहरेको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भई कार्यान्वयनको चरणमा रहेको।
- ❖ भवन निर्माण तर्फ सामुदायिक भवन ३, सार्वजनिक शौचालय निर्माण १ वटा सम्पन्न भएका।
- ❖ झोलुङ्गेपुल तर्फ ४ वटा झोलुङ्गे पुलको डी पी आर तयार भएको।सम्धीखोला ट्रष्ट पुल निर्माण सम्पन्न भईसकेको र ओइयाघाट पुल निर्माणको चरणमा रहेको।
- ❖ वडा नं ५ स्थित जुग्ले गोगनपानी बागे पञ्चासे सडक सम्पन्न भएको।
- ❖ एक घर एक धारा कार्यक्रम अन्तर्गत आधारभूत खानेपानी सुविधाको लागि चालु आ.व मा ५ वटा रिजर्वभ्वायर टयाङ्की, ८ वटा ईन्टेक सहित ५.२ कि.मी. पाईपलाईन बिस्तार भएको।
- ❖ कृषि उत्पादन बढाउनको लागि सिंचाई कुलो निर्माण तर्फ ०.३ किलोमिटर र अन्य निकायवाट पालिका क्षेत्रमा निर्माण भएका करिव २.२१ कि.मी. नयाँ निर्माण भई थप ६५० रोपनी जमिनमा सिंचाई सुविधा पुगेको।
- ❖ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि तथा सुदृढीकरण (अध्यक्षसंग शैक्षिक सुधार) कार्यक्रम अन्तर्गत १२ वटा विद्यालयमा ROOM TO READ सँगको साझेदारीमा साक्षरता कार्यक्रम (प्रारम्भिक तह पठन सिप विकास कार्यक्रम) यसै शैक्षिक सत्रमा कक्षा ३ थप गरी सञ्चालन गरिएको छ। कक्षा १ देखि ५ सम्मको विद्यार्थिका लागि अंग्रेजी माध्यमका पाठ्यपुस्तक निःशुल्क वितरण भएको छ।
- ❖ कक्षा १ देखि कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम हाम्रो आँधीखोला लागु गरी कक्षा १ देखि कक्षा ५ सम्मको पाठ्यपुस्तक छपाई गरी वितरण गरिएको।
- ❖ विपदको बेलामा क्षतिको आपूरण गर्न न्यून स्तर भएका विद्यार्थीको स्तरवृद्धि कार्यक्रम Real Plan सम्पन्न भएको। इसीडी देखि कक्षा ३ सम्मका विद्यार्थीको लागि अपाङ्गताको पहिचान कार्यक्रम, मा. वि. तह ९-१२ कक्षा, आधारभूत तह ६-८ कक्षा र आधारभूत तह १-५ कक्षा स्तरीय हाजिरिजवाफ प्रतियोगिता सम्पन्न गरिएको साथै विद्यालयको सघन अनुगमन लगायतका विविध कार्यक्रमहरू कार्यान्वयनमा ल्याईएको।

- गाउँपालिका भित्रका विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत माध्यमिक तहका विद्यालयको लागि ३ वटा ICT तथा पुस्तकालय सञ्चालन गरिएको।
- एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणाली (IEMIS) को प्रयोग गरी आधारभूत तह कक्षा ५ र ८ को परीक्षा संचालन गरिएको।
- खेलकुदको विकासको लागि पालिका अन्तर्गतका विद्यालयको सहभागितामा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सम्पन्न भएको साथै विभिन्न क्लब तथा संघ संस्था मार्फत संचालित खेलकुद कार्यक्रमको लागि आर्थिक एवं भौतिक सहयोग कार्यक्रमहरू संचालन गरिएको।
- गण्डकी प्रदेशसँगको साझेदारीमा नवप्रवर्धन कार्यक्रम अन्तर्गत दुध तथा दुधजन्य उत्पादन, प्रवर्धन र वजारीकरणका लागि आवश्यक पूर्वाधार निर्माण र संकलन सामाग्री खरिदको काम सम्पन्न गरिएको छ।
- कृषकको आय आर्जन वृद्धि र व्यवसायीकरणमा जोड दिने उद्धेश्यले साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) कार्यक्रम अन्तर्गत पंचमूल र वाङसिङमा बर्खे आलु पकेट क्षेत्रको लागि ८००० के.जी आलुको बीउ वितरण गरिएको।
- कृषि उत्पादन र माटोको उर्वराशक्ति बढाइ बालिलाई रोग किराबाट बचाउनको लागि माटो शिविर सम्पन्न गरिएको र प्रत्यक्ष रूपमा ५२० जना कृषक लाभान्वित भएका।
- खाद्यान्न बालि मकै, गहुँ र धानमा आत्मनिर्भर बनाउने उद्धेश्यले किसानहरूले माग गरेको आधारमा १७०० के.जी मकै बिउ, ६०० के.जि गहुँको बीउ र पोखरेली जेठो बुढो, खुमल १६, सुख्खा ३, माछापुर्छ्रे जातका गरी २१०० के.जी धानको बिउ वितरण गरिएको।
- सुन्तला र कागतीको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने उद्देश्यले सुन्तला र कागती ११००० बिरूवा वितरण गरिएको। सुन्तलालाई चाहिने जस्तै निलो तुथो, सिकेचर, आरी, भर्याङ्ग, डिजिटल तराजु, क्यारेट, लुज पाईप, खाद्यतत्व लगायतका सामग्री ५०% अनुदानमा वितरण गरिएको।
- कृषि बालिको संरक्षण एवंम् भण्डारणको लागि गाउँपालिकामा १० मेट्रिक टन क्षमताको कोल्ड स्टोर स्थापना गरी करीब १२००० के.जी आलु बिउ भण्डारण गरी सम्बन्धित कृषकलाई फिर्ता गरिएको। गाउँपालिका परिसरमा रहेको नर्सरीबाट अगौटे मध्यम र पछौटे जातका बन्दा, काउली र ब्रो-काउलीका २८००० बिरूवा र बर्खे लहरे बालिहरू जस्तैः काक्रा, करेला, घिरौंला र लौकाको गरी ८००० बिरूवा वितरण गरिएको।
- परम्परागत कृषि प्रविधिलाई आधुनिकीकरण गर्दै लागत घटाउन तथा उत्पादन बढाउन ५० प्रतिशत लागत अनुदानमा ४२ गोटा हाते ट्याक्टर (मिनिटेलर हलो), टनेल प्लास्टिक र ४० वटा गोला सहित र ४० खाली मौरीघार वितरण गरिएको।
- मासुमा आत्मनिर्भर बनाउन किसानहरूको सहलगानीमा बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत पाँच दिने बाख्रा पालन तालिम, बाख्राको खोर निर्माण तथा औषधी वितरण जस्ता कार्यक्रम संचालन गरी सम्पन्न गरिएको।

- रेविज रोग नियन्त्रणको लागि १२ वटा मा.वि स्कुलमा स्कुल शिक्षा तथा खोप कार्यक्रम सम्पन्न भएको।
- हलगोरू प्रोत्साहन कार्यक्रममा ८९ जना कृषकलाई रू.५०००/- को दरले प्रोत्साहन रकम उपलब्ध गराईएको।
- कृषकको घर दैलोमा पुगी कृतिम गर्भाधान, निःशुल्क पशु स्वास्थ्य शिविर, नियमित उपचार तथा परामर्श सेवा अन्तर्गत २९४३ जना कृषक लाभान्वित भएका।
- पशुमा लाग्ने सरूवा माहामारीजन्य रोग विरूद्ध खोप संचालन गरी विभिन्न प्रजातिमा ९३५० डोज खोप लगाई पशुहरूमा पूर्ण खोप कार्यक्रम सञ्चालन गरिएको।
- कृषकको सहलगानीमा भकारो सुधार, हिउँदे तथा डाले घाँसको विउ वेर्ना वितरण कार्यक्रम सम्पन्न गरिएको।
- सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित तुल्याउनका लागि विभिन्न सूचना प्रविधि र सफ्टवेयरको प्रयोग गरी सहज र सरल तुल्याईएको। जनताको घर दैलोमा सेवा प्रवाह पुर्याउनको लागि घुम्ती शिविर मार्फत सेवा प्रबाह, उपचारात्मक प्रकृतिका स्वास्थ्य शिविर, नागरीक प्रतिको उत्तरदायित्व प्रबर्द्धनका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण लगायतका कार्यक्रमहरू संचालन गरिएको, जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, टोल विकास सस्थाका पदाधिकारीहरूको क्षमता विकासका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको।
- गाउँपालिका अन्तर्गत ३६ वटा श्रवण कुमार जेष्ठ नागरीक गाउँघर स्वास्थ्य केन्द्रमार्फत प्रत्येक महिनामा ७० वर्ष माथिका, स्वास्थ्य संस्थामा जान नसक्ने जेष्ठ नागरीकहरूलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गरिएको।
- स्वास्थ्य क्षेत्रका कार्यक्रमको प्रमुख उपलब्धि विश्लेषणसहित तीन आर्थिक वर्षका सेवा प्रवाह विषय समेटिएको वार्षिक प्रतिवेदन प्रकाशनको तयारीमा रहेको।
- गर्भवती महिला तथा बाल स्वास्थ्यका लागि अण्डा र क्याल्सियम चक्की नियमित रूपमा वितरण गरिएको। यसैगरी संस्थागत सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत १६४ जनालाई सहयोग प्रदान गरिएको।
- ५ वर्ष मुनिका वालवालिका अभियानमार्फत राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधी वितरण गरिएको, साथै विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत माध्यमिक विद्यालयहरूमा अर्धवार्षिक रूपमा जुकाको औषधी खुवाइएको र विभिन्न रोग तथा स्वास्थ्य सचेतना कार्यक्रमहरू सञ्चालन गरिएको।
- आँधीखोला गाउँपालिका र नेपाल शिक्षा, स्वास्थ्य तथा वातावरण संस्था (NEEM), काठमाडौंको संयुक्त आयोजनामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको र उक्त शिविर मार्फत १३४९ जना सेवाग्राहीले सेवा प्राप्त गरेका।

- आँधीखोला गाउँपालिका र नेलम्वो नेपालको संयुक्त आयोजनामा चिलाउनेवास स्वास्थ्य चौकीमा ५ दिने निःशुल्क दन्त शिविर सञ्चालन भई ६१३ जनाले सेवा लिएका। साथै बिद्यालय तहमा निःशुल्क दन्त तथा आँखा जाँच कार्यक्रम सम्पन्न गरिएको।
- विद्यालयमा अध्ययनरत कक्षा ६ देखि १० सम्म तथा विद्यालय नजाने १० देखि १४ वर्षका किशोरी समेत ४०१ जना वालवालिकालाई एच.पि.भी. खोप लगाईएको।
- सुनौला हजार दिनका आमालाई पोषण अभिमुखीकरण गरीनुका साथै ६ देखि ५९ महिना उमेर समूहका बालबालिकाको पोषण लेखाजोखा (स्क्रिनिङ) कार्यक्रम र वालवालिका लक्षित पोषण प्रर्वधन प्रोत्साहन कार्यक्रम सञ्चालन गरिएको।
- अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली (EMIS) बाट सेवा प्रवाह सुरू गरिएको छ भने प्रयोगशाला सुदृढीकरणका लागि माइक्रोस्कोप लगायत सामग्री उपलब्ध गराइएको।
- ३० देखि ६० वर्ष उमेर समूहका महिलाको स्तन क्यान्सर, पाठेघरको मुखको क्यान्सर, अव्स्ट्रक्टिभ फिस्टुला लगायतको प्रारम्भिक जाँच र व्यवस्थापन तथा आङ खस्ने महिलाहरूका लागि रिङ्ग प्रेसरी राख्ने/झिक्ने शिविर सञ्चालन गरिएको।
- स्थानीय तहमा स्वास्थ्य विमा संयोजन समिति, महिला स्वयंसेवाविकाको निःशुल्क स्वास्थ्य बीमा र स्वयंसेविकाको प्रोत्साहनका लागि कार्यविधि निर्माण गरिएको।
- सुरक्षित आप्रवासन सामी कार्यक्रम अन्तर्गत गहन अभिमुखीकरण, समुदाय अभिमुखीकरण, परिवार अभिमुखिकरण कार्यक्रम, विद्यालय स्तरिय वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श (आत्महत्या र छारे रोग) कक्षा लगायत ५६ वटै टोलका कुल ३११२ जना बिभिन्न उमेर समूहका सहभागीलाई सुरक्षित आप्रवासनका बिभिन्न आयामहरूमा सन्देशमुलक, उत्प्रेरात्मक, उपचारात्मक सेवा उपलब्ध गराईएको।
- मनोसामाजिक परामर्श सेवा अन्तर्गत ३० जनालाई सेवा उपलब्ध गराईएको। विदेशमा अप्ठयारोमा परेका ६ जना व्यक्तिको उद्धार गरिएको। मानसिक स्वास्थ्य सम्बन्धी ३०१ र बिभिन्न निकायमा रिफर गरिएका १३ गरी कुल ३५६ जना सेवाग्राहीले मनोसामाजिक सेवा प्राप्त गरेका।
- रिटर्नी स्वयंसेवकबाट नयाँ घरभेट सङ्ख्या २१२८ र पुनः परिवार भेटघाट कार्यक्रम अन्तर्गत ११७० गरी कुल ३२९८ परिवारका सदस्यलाई वैदेशिक रोजगारका बिभिन्न विषयमा सचेतना फैलाईएको र प्रत्येक वडामा वडा स्तरीय रिटर्नी सञ्जाल गठन गरिएको।
- वित्तीय साक्षरता र मनोसामाजिक परामर्श सम्बन्धी नियमित कक्षा सञ्चालन गरीनुका अलावा आम्दानी खर्चको हिसाबकिताब राखी स्वःउत्प्रेरित रूपमा पारिवारिक आय-व्ययलाई ब्वस्थित गरी सभ्य र सुसस्कृत समाज निर्माण गर्ने हेतुले कुल ३१०८ घरधुरीमा पासबुक बितरण गरिएको छ। पोखराचौर वित्तीय साक्षरता कक्षा अन्तर्गतका सहभागीलाई उत्पादनमूलक कार्य अन्तर्गत दुनाटपरी तालिम सञ्चालन गरिएको।

- ❖ सहकारी क्षेत्रको अनुगमन तथा लेखापालन सम्बन्धी तालिम सञ्चालन गरी सहकारी क्षेत्रलाई सुसुचित बनाइएको।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार संख्या ५८४ जना ( पुरूष-३४७ र महिला- २३७ ) रहेका छन्। चालु आ व मा विनियोजित कुल ४७ लाख बजेट अन्तर्गतका विभिन्न २१ वटा आयोजनाहरूबाट ५३ जना बेरोजगारहरूलाई ५४३२ दिनको रोजगारी दिई २.३ किलो मिटर गोरेटो बाटो, र ५१८ मिटर सोलिङ कार्य सम्पन्न भएको।
- ❖ मेलमिलापकर्ताको सुचीकरण कार्यलाई अद्यावधिक गरी मेलमिलाप केन्द्रलाई व्यवस्थित बनाउनको लागी कानुनी पुस्तक र फर्निचर व्यवस्थापन गरिएको। न्यायिक समितिको क्षमता अभिवृद्धिको लागि अन्तर न्यायिक समिति अध्ययन तथा अनुभव आदान प्रदान कार्य सम्पन्न भएको।
- ❖ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ (१) अन्तर्गत ४ वटा र ४७(२) अन्तर्गतका २ गरी कुल जम्मा ६ वटा उजुरी रहेकोमा ५ वटा उजुरी मेलमिलाप र १ वटा फैसलाको माध्यमबाट फर्छ्यौट गरिएको।
- ❖ ज्येष्ठ नागरीक परिचयपत्र वितरण अन्तर्गत पुरूष ६५ महिला ८२ गरी जम्मा १४७ जनालाई बितरण गरिएको र अपाङ्ग परिचयपत्र अन्तर्गत पुरूष १७ महिला ५ गरी जम्मा २२ जनालाई परिचयपत्र वितरण गरिएको।
- ❖ २०८३ साल सम्ममा बालमैत्री गाउँपालिका घोषणा लक्ष्यका साथ बालबालिकाको बाँच्न पाउने संरक्षण, विकास र सहभागिताको अधिकारलाई सुनिश्चित गर्नको लागि नीतिगत, संस्थागत संरचनाहरू निर्माण गरी अनुशिक्षणका कार्यक्रम सञ्चालन गरिएको। विद्यालयमा दिवा खाजाको रूपमा प्रयोग हुने पत्रु खानालाई निरूत्साहित गर्न गाउँपालिका आफैंले सर्वोत्तम पिठो वनाई खाजाको रूपमा प्रयोग गर्न सहजता प्रदान गरिएको।
- ❖ ईको हिमाल सँगको सहकार्यमा वडा स्तरिय वालक्लव, वालसञ्जाल गठन गरी वालवालिकालाई क्षमता विकासका रचनात्मक कार्य गरिएको।
- ❖ महिलाको शसक्तिकरणका लागि हरितालिका तिजको अवसरमा अन्तरआमा समूह तिज गीत प्रतियोगिता, लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान र विभिन्न दिवसीय कार्यक्रम तथा आर्थिक शसक्तिकरण गर्नको लागी मादल बजाउने तालिम लगायत अन्य सीप विकास तालिम प्रदान गरी आय आर्जनसँग जोडिएको छ।
- ❖ गुणस्तरहीन एवं म्याद नाघेका वस्तुहरूको विक्री वितरणलाई रोक्न, एकाधिकार कृतिम अभावको स्थिति रहन नदिनको लागी ६ वटै वडामा बजार अनुगमन गरी म्याद नाघेका तथा अखाद्य पदार्थलाई नष्ट गर्ने कार्य सम्पन्न गरी उपभोक्ताको हित संरक्षणलाई प्रभावकारी बनाउदै लगिएको।

❖ व्याक्तिगत घटना दर्ता तर्फ जन्म दर्ता ३१२, विवाह दर्ता २०६, वसाईसराई आउने संख्या १५, जाने संख्या १८४, सम्बन्ध विच्छेद २७, मृत्युदर्ता १८७, गरी जम्मा ८०३ घटना दर्ता गरिएको।

❖ बालपोषण भत्ता, जेष्ठ नागरीक अन्य, ६० वर्षमाथिका जेष्ठनागरीक, अपाङ्ग, एकल महिला र विधवा महिला गरी कुल ३३३८ जनालाई ९ करोड ५० लाख ११ हजार ५ सय ४९ रूपैया सामाजिक सुरक्षा भत्ता बापत वितरण गरिएको।

❖ उद्यमशिलता विकास तालिम सम्पन्न गरी सिप विकास अन्तरगत दुना टपरी बनाउने सम्बन्धी आधारभूत तथा पुनर्ताजगी तालिम, ढाका बुनाई समूहलाई ढाका बुनाई सम्बन्धी प्रविधि हस्तान्तरण गरिएको।

❖ गाँउपालिका भित्रका ऐतिहासिक, धार्मिक र प्राकृतिक रूपमा महत्वपूर्ण स्थलहरूको विवरण सहितको बुकलेट प्रकाशन गरिएको।

आदरणीय सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य पेश गर्दछु :

❖ कृषक तथा युवा लक्षित कार्यक्रम मार्फत आय आर्जन तथा रोजगारी वृद्धि गर्ने,
❖ ग्रामिण क्षेत्रमा विकासका पूर्वाधारहरू तयार गरी बसाई सराई नियन्त्रण गर्दै आकर्षक केन्द्रको रूपमा विकास गर्ने,
❖ संघीय एवं प्रदेश सरकारले लिएका आर्थिक सामाजिक एवं मानवीय विकासका सुचकाङ्कमा उल्लेख्य वृद्धि गरी गाउँपालिकावासीको जीवनस्तर अभिबृद्धि गर्ने,
❖ आर्थिक, सामाजिक रूपमा पिछडिएका वर्गको उत्थान गर्दै गरीबी न्यूनीकरण मार्फत दीगो विकासको लक्ष्य प्राप्त गर्ने,
❖ सुशासनलाई प्रबर्द्धन गर्दै सेवा प्रवाहलाई सहज, सरल र पारदर्शी एवं सूचना प्रविधिमैत्री बनाउने,
❖ सबै प्रकारका रोग र विपदबाट नागरीकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने,
❖ पर्यटकीय पुर्वाधार संरचनाहरूको विकास गर्दै रोजगारी सिर्जनाका साथ आयस्तर बढाउने,
❖ गाउँसभाबाट पारित नीति तथा कार्यक्रममा प्रस्तुत भएका आयोजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने,
❖ अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा समावेश गर्ने,

उल्लेखित उद्देश्यहरू हासिल गर्नका लागि प्रस्तावित बजेटमा देहाय बमोजिमका क्षेत्रगत प्राथमिकता निर्धारण गरेको छु।

- ❖ शिक्षामा गुणस्तरीयता अभिबृद्धि गरी गाउँपालिकालाई शैक्षिक केन्द्रको रूपमा विकास गर्ने,
- ❖ गुणस्तरीय स्वास्थ्य सेवाको दायरा विस्तार गर्दै आधारभूत, प्राथमिक र उपचारात्मक स्वास्थ्य सेवा प्रदान गर्ने,
- ❖ कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरी आय आर्जनको प्रमुख श्रोतको रूपमा विकास गर्दै ग्रामिण अर्थतन्त्रको सबलिकरण गर्ने,
- ❖ सबै घरधुरीहरूमा आधारभूत खानेपानीको पहुँच स्थापित गर्दै स्वच्छ, सफा, खानेपानी आम नागरीकमा पुर्याउने,
- ❖ सडक संजाल विस्तार एवं पालिका भित्रका सडकहरूको स्तरउन्नति गर्दै बाह्रै महिना सडक यातायात संचालन हुने व्यवस्था मिलाउने,
- ❖ गाउँपालिकाको क्षेत्रगत रूपमा आवश्यक पूर्वाधार संरचनाहरू निर्माण गरी पूर्वाधार सेवाहरूको पहूँच स्थापित गर्ने,
- ❖ विभिन्न जातजाति, धर्म, संस्कृति, कलाको संरक्षण गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरीक, अपांग, आदीवासी, जनजाति, दलित पिछडिएको वर्ग लगायत आर्थिक सामाजिक रूपमा कमजोर वर्गको उत्थान गर्दै सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्ने,
- ❖ संघीयताको कार्यान्वयन, गुणस्तरीय तथा पहुँच युक्त सार्वजनिक सेवा प्रवाह, उत्तरदायी तथा पारदर्शी शासन प्रणाली सुदृढीकरण गरी आँधीखोलाबासी जनताको जीवनस्तर अभिबृद्धि गर्दै **"सम्बृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय लक्ष्य पुरा गर्ने।

***आदरणीय सभाध्यक्ष ज्यू, सभासद् ज्यू हरू एवं उपस्थित महानुभावहरू,***

***"कृषि र पर्यटन समुन्नत आँधीखोला गाउँपालिकाको आधार, सेवा विकास सुशासन र सम्बृद्धि नै हाम्रो कार्यभार"*** भन्ने मूल नाराका साथ आँधीखोला गाउँपालिकाको समृद्धिको यात्रालाई अगाडि बढाउने सोच अनुरूप सत्रौं गाउँसभाबाट पारित नीति तथा कार्यक्रम कार्यान्वयनका लागि गाउँ कार्यपालिकाले पारित गरी पेश गरेको आ.व २०८२/०८३ को बजेट तथा कार्यक्रमहरूमा भएको अनुमानित आय तथा व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु।

## आय तर्फ

यो वर्ष खर्च नभई बाँकी रही जिम्मेवारी हस्तान्तरण हुने आर्थिक वर्षको मसान्त पछि नै एकिन हुने भएकोले सोही अनुसार रहने गरी रू ७ करोड ७० लाख ७० हजार, आन्तरिक आयतर्फ कर, दस्तुर, सेवा, शुल्क, महसुल, राजश्व बाँडफाँड समेत गरी जम्मा रू १ करोड १५ लाख, नगद सहभागिता

पूँजीगत तथा चालू तर्फको कृषि अनुदान र अन्य कार्यक्रमको गरी रू ३० लाख अनुमान गरिएको छ। त्यस्तै संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान बापत रू ८ करोड १७ लाख, संघीय सरकारको राजस्व बाँडफाडबाट रू ६ करोड ८३ लाख ८६ हजार, सशर्त अनुदान चालू तथा पूँजीगत तर्फ रू २२ करोड १४ लाख, संघीय सरकार समपूरक अनुदान रू ८६ लाख, संघीय सरकार विशेष अनुदान चालू रू १ करोड ६५ लाख, विशेष अनुदान पूँजीगत ९६ लाख, गण्डकी प्रदेश सरकारको वित्तीय समानीकरण अनुदान १ करोड १ लाख, गण्डकी प्रदेश सरकारको राजस्व बाँडफाँड रू ४२ लाख, प्रदेश समपूरक अनुदानबाट रू ६० लाख, प्रदेश सरकार विशेष अनुदान पूँजीगत ४० लाख, सडक बोर्ड रू २५ लाख गरी कुल ५२ करोड ४५ लाख ५६ हजार हुने अनुमान गरिएको छ।

नेपाल सरकारले तोकेबमोजिम विगत वर्षदेखि नै दिँदै आएको सामाजिक सुरक्षा तर्फको रकम छुट्टै सिलिङको रूपमा प्राप्त हुने र सामाजिक सुरक्षामा आवद्ध लाभग्राही वर्गमा प्रत्यक्ष खर्च हुने भएकोले यस बजेटमा समावेश गरिएको छैन।

## व्यय तर्फ

### चालू खर्च

| | |
|---|---|
| कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च एवम् कार्यक्रम तर्फ | ७ करोड ८७ लाख |
| आर्थिक सामाजिक,सांस्कृतिक,सामाजिक, सुशासन, न्याय तथा समानता, लैङ्गिक तथा समावेशिकरण तर्फ | ५ करोड ३७ लाख ७० हजार |

### पुँजीगत खर्च

| | |
|---|---|
| पुँजीगत खर्च तथा पूर्वाधार विकास, निर्माण | १२ करोड ५९ लाख |
| | |

### सशर्त, समपूरक, विशेष (संघ र प्रदेश चालू पूँजीगत सहित)

| | |
|---|---|
| सशर्त अनुदान (हस्तान्तरित कार्यक्रम) | २६ करोड ६१ लाख ८६ हजार |

## आर्थिक विकास क्षेत्र

### *कृषि तथा पशुपंक्षी*

बेरोजगार समस्या न्युनिकरणका साथै कृषिको आधुनिकरण, विशिष्टीकरण र व्यवसायीकरण गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न कृषि तथा पशु क्षेत्रमा उच्च प्राथमिकताको साथ बजेट विनियोजन गरेको छु।

- निर्वाहमुखी कृषि प्रणालिबाट व्यावहारीकतातर्फ उन्मुख गराउन **कृषकलाई आधुनिक कृषि औजार तथा उपकरण प्रयोग गरी कृषिमा प्रोत्साहन र आत्मनिर्भर हुनुको साथै बजारीकरणको लागि कृषकसँग सहकार्य तथा साझेदारी** एवम् सह लगानीमा अनुदान सहितको कार्यक्रमको लागि **रू १५ लाख** बजेट विनियोजन गरेको छु।
- किसानले उत्पादित कृषि वस्तु मुल्यको एकिन गरी **न्युनतम समर्थन मुल्य कायम** गर्नको लागि **रू ३ लाख** र **उत्पादनमा आधारित नगद कार्यक्रम**को लागि **रू ३ लाख** बजेट विनियोजन गरेको छु।
- माटोको अम्लियपन, क्षारियपन तथा विविध सुस्म तत्वहरूको मात्रा परीक्षण गरी माटो सुधारको लागि सामग्री तथा प्रविधि हस्तान्तरण गर्न साथै रोग किराको परिचय गर्ने र निवारणको लागि **कृषि ल्याब सञ्चालन**को लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- प्रत्येक वडामा **माटो र बाली शिविर सञ्चालनको** लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- कृषकले उत्पादित सुन्तला तथा आलु भण्डारणको लागि **कोल्ड स्टोर व्यवस्थापन, मर्मत तथा सञ्चालन**को लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- कृषि क्षेत्रमा जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्दै बाँझो रहेको खेतियोग्य जग्गालाई खनजोत गरी उत्पादनयोग्य बनाई हावापानी सुहाउँदो तरकारी तथा फलफुल खेति गर्ने कृषकलाई प्रात्साहन गर्दै **बाझो खेत प्रवर्द्धन कार्यक्रम** तथा भुमि बैकको स्थापनाको लागि **रू ४ लाख** बजेट विनियोजन गरेको छु।
- एकिकृत कृषि उत्पादन गर्ने कृषक/फर्म/सहकारी/समूहलाई **बाँदर नियन्त्रण**को लागि विभिन्न कार्यक्रम सञ्चालनको लागि **रू ३ लाख** बजेट नियोजन गरेको छु।
- अकबरे खुर्सानी, केरा, कुरीलो, सुन्तला, किवी, सिप्लिकान र कफी कागती लगायतका बजारमा माग बढी भएका तरकारी तथा फलफूलको उत्पादन र प्रवर्धन कार्यक्रमका लागि **रू ३ लाख** बजेट विनियोजन गरेको छु।

- पालिका कार्यालयको परिसरमा रहेको **नर्सरीमा बिरूवा उत्पादन** गरी किसानलाई सुपथ मुल्यमा वितरण गर्नेको लागि **रू १ लाख** बजेट विनियोजन गरेको छु।
- **"रैथाने बालिमा गर्व गरौं"** भन्ने नाराका साथ यस पालिकामा उत्पादन हुँदै आएको पोषणयुक्त रैथाने खाद्यान्नबालीका विउ संरक्षण गरी खेती विस्तारको लागि **रू ७ लाख** विनियोजन गरिएको छ।
- कृषि तथा पशु सेवाका **एक गाँउ एक प्राविधिक** सेवाका कर्मचारीको तलब भत्ताको लागि **रू ८ लाख ७५ हजार** विनियोजन गरिएको छ।
- कृषकको यथार्थ विवरण संकलन गरी कृषि विकास रणनीति तयार गर्नको किसान सूचीकरण कार्यक्रमका लागि **रू २ लाख बजेट** विनियोजन गरेको छु।
- मकै बाली प्रवर्धन गर्न मध्य पहाडी मकै बाली प्रवर्धन कार्यक्रमका लागि **रू ७ लाख बजेट** विनियोजन गरेको छु।
- कृषि, पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरी कृषि तथा पशुपालन क्षेत्रको वास्तविक सूचना तथा तथ्याङ्क संकलन गर्ने कार्यक्रमका लागि रू ४५ हजार विनियोजन गरेको छु।
- चालु आ.व. २०८१/०८२ मा स्थापना भएका पशु तर्फका **साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम** निरन्तरताका लागि **रू ८ लाख** बजेट विनियोजन गरेको छु।
- दुध उत्पादन गर्ने कृषकलाई उत्पादन तथा उप-उत्पादन प्रवर्धन गर्न डेरी प्रवर्धन कार्यक्रमको लागि रू **४ लाख** बजेट विनियोजन गरेको छु।
- आधारभुत भेटेरिनरी प्रयोगशाला कार्यक्रम संचालन गर्नका लागि रू **४ लाख** बजेट विनियोजन गरेको छु।
- पशुजन्य उत्पादन वृद्धि गर्न भौगोलिक वातावरण अनुसार फस्टाउन सक्ने उन्नत जातका भुई तथा डाले घाँसेबाली श्रोत केन्द्र सुदृढीकरण कार्यक्रम संचालन गर्नका लागि रू **४ लाख** बजेट विनियोजन गरेको छु।
- गाई/भैसी श्रोत केन्द्र कार्यक्रम संचालन गर्नका लागि रू **८ लाख** बजेट विनियोजन गरेको छु।
- पशुपंक्षीमा लाग्ने विभिन्न सरूवा रोग, माहामारीजन्य तथा आकस्मिक रोग नियन्त्रणका लागि रू. ५० हजार बजेट विनियोजन गरिएको छ।
- स्वस्थ र स्वच्छ मासु उत्पादन, उपभोग र व्यवस्थापन साथै मासु पसल सुधारका लागि मिट मार्ट सुदृढीकरण कार्यक्रम संचालन गर्नका लागि रू **८ लाख** बजेट विनियोजन गरेको छु।
- कृषकहरूले प्रत्यक्ष महशुस गर्ने गरी आवश्यकता अनुसार पशुपंक्षी उपचार तथा औषधी खरिदमा रू ८ लाख बजेट विनियोजन गरिएको छ।

- पशुपंक्षी तथा मत्स्यपालनको समस्या समाधान पशु स्वास्थ्य शिविर संचालन गर्न रू ३ लाख बजेट विनियोजन गरिएको छ।
- कृषकद्वारा उत्पादित पशुजन्य वस्तुभाउहरूको न्यूनतम समर्थन मूल्य निर्धारण गरी पशुजन्य उत्पादन तथा उप-उत्पादन लाई प्रशोधन, भण्डारण, ढुवानी, बजारीकरण तथा प्रतिफलमा आधारित अनुदान कार्यक्रमको लागि रू. १० लाख बजेट विनियोजन गरिएको छ।
- प्राणघातक रेबिज रोग विरूद्धको खोप सञ्चालन तथा सचेतना अभियान सञ्चालनका लागि रू. २ लाख बजेट विनियोजन गरिएको छ।
- उन्नत जातका पशुको उत्पादन तथा विकास गर्न नश्ल सुधार कार्यक्रम (कृत्रिम गर्भाधान) को लागि रू. २ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा बाँदर नियन्त्रण कार्यक्रमको लागि लागि रू ३ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ३ मा कृषि उत्पादन तथा उत्पादकत्व बढाउन सहयोग पुर्याउन कृषि विकास कार्यक्रमको लागि लागि रू ३ लाख बजेट विनियोजन गरेको छु।

उल्लेखित कार्यक्रमका साथ कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका लागि **रू १ करोड १७ लाख ९५ हजार** बजेट विनियोजान गरेको छु।

## *उद्योग, वाणिज्य तथा व्यापार*

स्थानीय स्तरमा आवश्यक वस्तु तथा सेवाको उत्पादन गरी आर्थिक उपार्जन गर्ने उद्देश्यले कृषि तथा वन पैदावारमा आधारित उद्योग, पर्यटन उद्योग, परम्परागत तथा घरेलु उद्योगको विकास र विस्तारको लागि बजेटमा व्यवस्था गरेको छु।

- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरूको बिक्री वितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ। एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरीनेछ। उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनको लागि बजेटमा व्यवस्था गरेको छ। खाद्य सुरक्षा कार्यक्रमलाई **लागि रू. ३ लाख विनियोजन** गरेको छु।
- वन तथा वनस्पतिजन्य बस्तुहरूको उत्पादनको लागि साना उद्योग स्थापना गर्न बजेटमा व्यवस्था गरेको छु।
- आय आर्जन र बचततर्फ उन्मुख गर्न सीप विकास कार्यक्रमको लागि **रू ३ लाख** बजेट विनियोजन गरेको छु।
- समूहगत रूपमा प्रविधिको हस्तान्तरण गरी प्रविधि हस्तान्तरणबाट गाउँपालिकाको विकासका लागि **रू १ लाख ४० हजार बजेट** विनियोजन गरेको छु।

***लघु उद्यम विकास कार्यक्रमको*** लागि निम्न बमोजिमको बजेट व्यवस्था गरेको छ -

- गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन र उद्यमीको पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिम कार्यक्रमको लागि रू ७० हजार बजेट विनियोजन गरेको छ।
- तालिम पश्चात् प्रतिस्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गर्न रू २ लाख ६४ हजार बजेट विनियोजन गरेको छ।

## *पर्यटन*

- गाउँपालिका भित्रका ऐतिहासिक, सांस्कृतिक, धार्मिक, पूरातात्विक र प्राकृतिक सम्पदाहरू धार्मिक स्थल, देवालय, शिवालय, गुम्बाहरूको संरक्षण, प्रवर्धन गरी पर्यटन विकास गर्न **पर्यटन प्रवर्धन तथा महोत्सव संचालनको लागि १० लाख** बजेट विनियोजन गरेको छ।
- पर्यटन उद्योगलाई प्रोत्साहन गर्दै गाउँपालिका भित्र संचालनमा रहेका होमेस्टे प्रवर्धनको लागि एवं नयाँ ठाउँको सम्भाव्यताको लागि बजेटमा व्यवस्था गरेको छ।
- गाउँपालिका भित्रका संभाव्य पर्यटकीय क्षेत्रहरूको जगेर्ना गर्न आन्तरिक पर्यटन प्रवर्धनको लागि **रू ५ लाख बजेट** विनियोजन गरेको छ।

## *रोजगार कार्यक्रम*

- आन्तरिक रोजगार प्रबर्द्धनका लागि वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूलाई उद्यमशिलता प्रबर्द्धन कार्यक्रम संचालन गर्न रू १ लाख बजेट विनियोजन गरेको छ।
- रोजगार आयोजना संचालनका लागि ज्याला रकममा गाउँपालिकाको शत प्रतिशत साझेदारी समेत गरी रू ५३ लाख ४४ हजार बजेट विनियोजन गरेको छ।
- श्रमको सम्मान राष्ट्रको अभियान तथा रोजगार संचाद मञ्चको संचालनका लागि ५० हजार बजेट विनियोजन गरेको छ।
- रोजगार केन्द्रलाई जनशक्ति परिचालन र संचालन खर्चको लागि रू. ६ लाख ७८ हजार बजेट विनियोजन गरेको छ।

रोजगार कार्यक्रमको लागि कुल बजेट रू. ६१ लाख ७२ हजार बजेट विनियोजन गरिएको छ।

## *सुरक्षित आप्रबासन (सामी) कार्यक्रम*

- स्वदेशमै रोजगारी गरौ, वैदेशिक रोजगारीमा जान पर्ने नै भए सही सूचना र सिप सिकेर मात्र जाने ब्यबस्था गरौ भन्ने नारा लाई सार्थकता प्रदान गर्न सुरक्षित आप्रबासन (सामी) कार्यक्रमको दिगोपनका लागि अभिमुखीकरण कार्यक्रम, **वित्तीय साक्षरता** र सचेतना  लगायतका कार्यक्रमका लागि **रू ७ लाख ७७ हजार विनियोजन** गरेको छु।
- घरघर र टोलटोलमा वैदेशिक रोजगार सम्बन्धी जनचेतना र परामर्श सेवा कार्यक्रम अन्तर्गत वित्तीय साक्षरता कार्यक्रम, मनोसामाजिक परामर्श कार्यक्रम र रिटनी स्वयंसेबकको लागि रू **१४ लाख ५४ हजार** विनियोजन गरेको छु।

सुरक्षित आप्रबासन सामी कार्यक्रमको लागि **कुल २२ लाख ३१ हजार बजेट** विनियोजन गरेको छु।

## *सामाजिक क्षेत्र*

### *स्वास्थ्य*

जनताको आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्दै सबै नागरीकलाई सहज, सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, रोग नियन्त्रण, मातृ शिशु मृत्यु दर न्यूनीकरण, स्वस्थ जनशक्ति निर्माण तथा समग्र मानव विकास सूचकाङ्क सुधार गर्ने उद्देश्यले स्वास्थ्य क्षेत्रको बजेट समावेश गरेको छु।

- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा व्यवस्थित र गुणस्तरीय रूपमा प्रवाह गर्न सबै स्वास्थ्य संस्थाहरूको सुदृढिकरण कार्यान्वयनका लागि रू ४० लाख बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य संस्थाहरूमा कार्यरत कर्मचारीहरूको निष्ठा, परिश्रम र निरन्तर सेवाभावलाई उच्च सम्मान गर्दै स्वीकृत दरबन्दीअनुसारको तलब तथा भत्ताका लागि रू २ करोड ९४ लाख बजेट विनियोजन गरेको छु।
- आधारभूत अस्पतालको सेवा प्रवाह सञ्चालन, दक्ष जनशक्तिका लागि तालिम, दिर्घ रोगिका लागि उपचार सहायता, स्वास्थ्य संस्थाको कार्यालय सञ्चालन समेतका लागि रू २६ लाख २५ हजार बजेट विनियोजन गरेको छु।

- खोप, नवजात शिशु तथा बालरोग, पोषण, गर्भवती, सुत्केरी, परिवार नियोजन, गर्भपतन तथा प्रजनन स्वास्थ्य, किशोरमैत्री सेवाहरू नियमित रूपमा सञ्चालन गर्नका लागि रू २४ लाख ५६ हजार बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य प्रवर्धन कार्यक्रममार्फत स्वास्थ्य सेवामा सबैको समान पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थामा गई सेवा लिन कठिन हुने ज्येष्ठ नागरीकहरूलाई लक्षित गरी घरघरमै तथा श्रवणकुमार ज्येष्ठनागरीक गाउँघर स्वास्थ्य क्लिनिक मार्फत सेवा निरन्तर प्रदान गर्नका लागि रू १० लाख ४६ हजार बजेट विनियोजन गरेको छु।
- "म स्वास्थ्य, मेरो सामुदायिक स्वास्थ्य" अभियान अन्तर्गत घर टोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालनका लागि रू ४ लाख ६० हजार बजेट विनियोजन गरेको छु।
- समुदाय स्तरमा ३० वर्ष माथिका नागरीकहरूलाई लक्षित गरी बढ्दै गएको नसर्ने रोगको स्क्रिनिङ कार्यक्रम तथा आत्महत्या र मानसिक रोगको जोखिम न्यूनिकरणका लागि स्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गर्न रू २ लाख बजेट विनियोजन गरेको छु।
- गर्भवती, सुत्केरी महिला, बालबालिका तथा समग्र बहुक्षेत्रीय पोषण सुधारका लागि रू १४ लाख ९४ हजार बजेट विनियोजन गरेको छु।
- निस्वार्थ सेवा भावका साथ विभिन्न दैनिक तथा मासिक स्वास्थ्य कार्यक्रममा सक्रिय रूपमा योगदान पुऱ्याउँदै आएका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई प्रदान गर्दै आएको प्रोत्साहनलाई थप सशक्त बनाउँदै कार्यदक्षता अभिवृद्धिका लागि रू २३ लाख ६५ हजार बजेट विनियोजन गरेको छु।
- तथ्यांकको गुणस्तर सुधार, समीक्षा र न्यूनतम स्वास्थ्य सेवा कार्यक्रम कार्यान्वयनका लागि रू ३ लाख १३ हजार बजेट विनियोजन गरेको छु।
- क्षयरोग, जुनोटिक रोगलगायत सर्ने तथा नसर्ने रोगहरूको नियन्त्रण,दिवस मनाउने, सूचना तथा सञ्चारका सामग्री तथा व्यवहार परिवर्तन कार्यक्रम, महामारी रोकथाम, नियन्त्रण तथा विपद् व्यवस्थापनका लागि रू ६ लाख बजेट विनियोजन गरेको छु।
- मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी तथा मेरूदण्ड पक्षघात भएका बिरामीलाई मासिक रू ५ हजार दरले औषधी उपचार खर्च उपलब्ध गराउने कार्यक्रमका लागि रू ७ लाख ४० हजार बजेट विनियोजन गरेको छु।
- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवामा आवश्यक औषधीजन्य सामग्रीको अविच्छिन्न आपूर्ति व्यवस्थापनका लागि रू ३२ लाख ८७ हजार बजेट विनियोजन गरेको छु।

- वैकल्पिक चिकित्सा सेवा अन्तर्गत नागरीक आरोग्य सेवा, आयुर्वेद सेवा तथा आयुर्वेदीय जीवनशैली प्रवर्धनका लागि रू १० लाख बजेट विनियोजन गरेको छु।
- सम्पूर्ण नागरीकलाई सहज र सहुलियतपूर्ण एम्बुलेन्स सेवा उपलब्ध गराउने उद्देश्यले एम्बुलेन्स व्यवस्थापनका लागि बजेट विनियोजन गरेको छु। साथै सरकारी तथा गैरसरकारी संस्थाहको समन्वयमा विभिन्न रोग पहिचान, उपचार तथा जनचेतनामूलक स्वास्थ्य शिविर सञ्चालनका लागि बजेट विनियोजन गरेको छु।
- स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै नियमित रूपमा सेवामा खटिने स्वास्थ्यकर्मीको मनोबल अभिवृद्धिका लागि प्रोत्साहन रकमको व्यवस्था गरेको छु।

स्वास्थ्य क्षेत्रको समग्र विकासका लागि कुल रू. ५ करोड १३ लाख ९२ हजार बजेट विनियोजन गरेको छु।

## *शिक्षा*

शिक्षा क्षेत्रको समग्र पक्षको  सकारात्मक, गुणात्मक, नतिजामुलक र परिवर्तनको प्रत्यक्ष अनुभूति हुने गरी आगामी आ.व २०८२/८३ लाई शिक्षा सुधार वर्षको रूपमा मनाइने कार्यक्रम अनुसार शिक्षा क्षेत्रमा देहायबमोजिम पर्याप्त  बजेट विनियोजन गरेको छु।

- भौगोलिक कठिनाई तथा आवतजावतका कारण अप्ठ्यारोमा परेका विद्यार्थीलाई विद्यालयमा सहज पहुँच सुनिश्चित गर्नको लागि आवासिय विद्यालय सञ्चालन गर्ने नीति बमोजिम जनप्रदिप माध्ममिक विद्यालमा आवसिय विद्यालय निर्माणको लागि रू ९६ लाख बजेट विनियोजन गरेको छु।
- प्रद्युम्न पनेरू मा वि छात्रावास निर्माण कार्यका लागि रू १ करोड बजेट विनियोजन गरेको छु।
- शिक्षण शुधार विशेष योजना अन्तर्गत रू १ करोड ६५ लाख विनियोजन गरेको छु।
- आधारभूत र माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक तथा  राहत अनुदान शिक्षकका लागि तलव भत्ता र प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक लागि रू १४ करोड ३१ लाख  ८६ हजार बजेट विनियोजन गरेको छु।
- प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीलाई न्तुनतम पारिश्रमिक उपलब्ध सुनिश्चित गर्ने नीति बमोजिम प्रारम्भिक वाल विकास केन्द्रका सहजर्कता तथा विद्यालय कर्मचारीको पारिश्रमिक बापत रू ७० लाख बजेट विनियोजन गरेको छु।

- माध्यमिक तह कक्षा (९-१०) तथा आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी, गणित र विज्ञान विषयको विषयगत शिक्षक दरबन्दीको कमीले शिक्षण सिकाई क्रियाकलापमा परेको बाधा अन्त्य गर्न अंग्रेजी, गणित र विज्ञान शिक्षण सहयोग अनुदानका लागि रू ५६ लाख ६३ हजार बजेट विनियोजन गरेको छु।
- अध्यक्ष सँग विद्यार्थी कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयका विद्यार्थी संग प्रत्यक्ष छलफल र अन्तरक्रिया गरी वास्तविक समस्या पत्ता लगाइ समाधान गर्न रू ३ लाख बजेट विनियोजन गरेको छु।
- आधारभुत शिक्षा परीक्षा तथा कक्षा ५ को परीक्षा सञ्चालन तथा प्रमाणिकरण कार्यक्रमका लागि रू ५ लाख बजेट विनियोजन गरेको छु।
- योजनावद्ध शिक्षण कार्य सञ्चालन गरी शैक्षिक गुणस्तर कायम गर्नका लागि प्रत्येक शिक्षकका लागि शिक्षक लेसन प्लान निर्माण पुस्तिका निर्माण गरी वितरण गर्न तथा एकीकृत पाठ्यक्रममा आधारित विद्यार्थी अभिलेखिकरण पुस्तकको ब्यवस्थापन गर्न रू २ लाख बजेट विनियोजन गरेको छु।
- विद्यार्थीमा रहेको अन्तरनिहित क्षमता प्रस्फुटन गरी विद्यार्थीलाई सृजनात्मक र रचनात्मक बनाउने उदेश्यका साथ गाउँपालिका भित्रका विद्यार्थीको बीचमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नको लागि लिडर विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालनको अन्तर्गत रू ३ लाख बजेट विनियोजन गरेको छु।
- सार्वजनिक विद्यालयका विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्न रू १४ लाख १५ हजार बजेट विनियोजन गरेको छु।
- विद्यार्थीहरूलाई सामुदायिक विद्यालयमा आकर्षण गरी बालपोषणको अवस्थामा सुधार ल्याउन कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको लागि दिवा खाजा कार्यक्रमको लागि रू ४० लाख १४ हजार बजेट विनियोजन गरेको छु।
- शैक्षिक सुशानका लागि संस्थागत क्षमता विकास तथा विद्यार्थी परीक्षण मुल्याङ्कन शिक्षक मेन्टरीङ तथा विद्यालय सुपरीवेक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन रू १० लाख ५२ हजार बजेट विनियोजन गरेको छु।
- विद्यालय सञ्चालन तथा व्यवस्थापनका गतिविधि थप व्यवस्थित र प्रभावकारी बनाउनको लागि विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानमा रू २५ लाख ६० हजार बजेट विनियोजन गरेको छु।

- प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्रीका लागि रू १२ लाख ८३ हजार बजेट विनियोजन गरेको छु।
- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कायम गर्न विज्ञान प्रयोगशाला निर्माण तथा स्थापना, ICT ल्याव सञ्चालन तथा पुस्तकालय निर्माणका साथै कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको लागि रू ३३ लाख बजेट विनियोजन गरेको छु।
- सामुदायिक विद्यालयमा अध्ययनरत किशोर अवस्थाका छात्रालाई महिनावारीका समयमा समेत नियमित विद्यालय उपस्थित गराउनक निशुल्क सेनिटरी प्याड वितरणको लागि रू ५ लाख बजेट विनियोजन गरेको छु।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्तिको लागि रू ३ लाख १५ हजार बजेट विनियोजन गरेको छु।
- शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत गुरूकूल वेदविद्याश्रम माध्यमिक विद्यालय तथा पञ्चमूल सामुदायिक सिकाई केन्द्र र अन्धाअन्धी सामुदायिक सिकाई केन्द्रको लागि रू २८ लाख ५० हजार बजेट विनियोजन गरेको छु।
- विषयगत शिक्षकलाई सक्षम बनाइ शिक्षकको क्षमता अभिवृद्धिका लागि शिक्षक तालिम सञ्चालनको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- शिक्षा दिवसको अवसरमा शिक्षक विद्यार्थी सम्मान कार्यक्रम सञ्चालन गरी शिक्षक उत्प्रेरणा बढाउन रू २ लाख विनियोजन गरेको छु।
- गाउँपालिका भित्र सञ्चालन हुने शैक्षिक कार्यक्रममा एकरूपता कायम गर्न वार्षिक शैक्षिक कार्यायोजना निर्माण गर्न रू १ लाख विनियोजन गरेको छु।
- विद्यालयको समग्र पक्षको विकासमा नेतृत्वदायी भुमिकामा रहेका विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास तथा टोल शिक्षा अभिभावक शिक्षा कार्यक्रम, शिक्षक विद्यार्थी क्षमता विकास कार्यक्रमका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।

आगामी आ व २०८२/०८३ का लागि उल्लेखित विविध कार्यक्रमका साथ शिक्षा क्षेत्रको समग्र विकासका लागि कुल रू २० करोड १२ लाख ५७ हजार बजेट विनियोजन गरेको छु।

## *सामाजिक संरक्षण, जेष्ठ नागरीक, महिला तथा बालबालिका*

- आँधीखोला गाउँपालिकाकालाई **बालमैत्री** गाउँपालिका बनाउने नीति अन्तर्गत बालमैत्री स्थानीय कार्यक्रमको संचालन गर्न **रू ३५ लाख** बजेट विनियोजन गरेको छु।
- जेष्ठ नागरीकले देश, समाजलाई पुर्याउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै **जेष्ठ नागरीक सम्मान कार्यक्रमको** लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- महिला आयआर्जन तथा क्षमता विकास कार्यक्रमको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- दलित, जनजातिको उत्थान, विकास तथा सम्बर्धनको लागि **दलित जनजाति सचेतना कार्यक्रमको** लागि **रू ३ लाख** बजेट विनियोजन गरेको छु।
- आफ्नो हेरचाह आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अशक्त तथा असहाय अपांगता भएका व्यक्ति, महिला बालबालिकाको सहायता सामग्री वितरणको लागि **रू १ लाख** बजेट विनियोजन गरेको छु।
- आपतकालीन बालउद्धार कोष स्थापनाका लागि **रू १ लाख** बजेट विनियोजन गरेको छु।
- गाउँपालिकाका भित्रका वृद्धवृद्धा, एकल महिला, अपाङ्ग, दलित बालबालिकालाई सामाजिक सुरक्षा वितरण गर्न नेपाल सरकारले तोके बमोजिमको बजेट व्यवस्था गरेको छु।
- गाउँपालिका भित्रका विपन्न तथा गरीब घरपरिवारको लागि तत्काल सहायतका लागि अन्य सामाजिक सहायता अन्तर्गत रू ५ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ४ मा अपाङग तथा लक्षित वर्ग शसक्तिकरण कार्यक्रमका लागि रू ५० हजार विनियोजन गरेको छु।
- वडा नं १ मा बालबालिका लक्षित कार्यक्रम संचालन गर्नका लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ४ मा बालबालिका लक्षित वर्ग शसक्तिकरण कार्यक्रमका लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ५ मा बालमैत्री तथा कृषक सम्मान कार्यक्रमको लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा महिला लक्षित कार्यक्रमका लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा परम्परागत रूपमा संचालन गरीदै आएको आरन व्यवसायलाई प्रवर्द्धन गर्न आरन सुधार कार्यक्रमको लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- लक्षित वर्ग क्षमता विकास कार्यक्रम संचालनको लागि वडा नं २ मा रू २ लाख बजेट विनियोजन गरेको छु।

- वडा नं ४ मा महिला लक्षित वर्ग शसक्तिकरण कार्यक्रमका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा ज्येष्ठ नागरीक कार्यक्रमका लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ५ मा ज्येष्ठ नागरीक सम्मान तथा दलित महिला सचेतना कार्यक्रम संचालनको लागि रू १ लाख बजेट विनियोजन गरेको छु।

**भौतिक पूर्वाधार क्षेत्र**

## *सडक/ गोरेटो बाटो पूर्वाधार*

भौगोलिक आवद्धता कायम गर्न, कृषि तथा उद्योग व्यवसायको विकास गर्न, आर्थिक वृद्धि हासिल गर्न सघाउ पुग्ने गरी सडक क्षेत्रमा बजेट विनियोजन गरिएको छ।

- गाउँपालिकाको केन्द्र देखि सबै ६ वटै वडा कार्यालयमा पुग्ने बाटो स्तरोन्नती गर्ने नीति अनुसार गाउँपालिकाको वडा नं. ४ जोड्ने सेपत भर्स्याङ् बाङ्सिङ् पञ्चासे बाटोको लागि गरी **रू ८५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित जुग्ले गोगनपानी बांगे पन्चासे ग्रामिण सडक निर्माण (क्रमागत योजना) का लागि रू १ करोड ७५ लाख बजेट विनियोजन गरेको छु।
- संघीय सरकारको साझेदारीमा वडा नं २ स्थित कालीखोला-थुम-टापु-अन्धाअन्धी सडक स्तरोन्नितको लागि **रू १ करोड ७२ लाख** बजेट विनियोजन गरेको छु।
- प्रदेश सरकारको साझेदारीमा वडा नं १ स्थित अर्घौंदी- पंचमूल- त्रिवेणी- डहरे देउराली सडक स्तरोन्नितको लागि **रू १ करोड** बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित आइतेखोला-स्यानिबराए सडक स्तरोन्नितको लागि **रू २५ लाख** बजेट विनियोजन गरेको छु।
- गाउँपालिका परिसरभित्र बाटो निर्माण तथा घेराबारको लागि रू १ करोड श्रोत सुनिश्चित गरेको छु।
- वडा नं ४ स्थित वडा कार्यालय देउराली रिमालस्वारा सडक स्तरोन्नतिको लागि रू ४० लाख बजेट विनियोजन गरेको छु।
- बेत्यानी भैरवकुण्ड मडुवा सडक स्तरोन्नतिको लागि रू २० लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ३ स्थित कमेरेपानी सिम्ले हिलेखोला सडक स्तरोन्नतिको लागि बजेटमा व्यवस्था गरेको छु।

- वडा नं ५ स्थित कृषि अजगन देवकोटाथर सडक स्तरोन्नतिको लागि रू १५ लाख बजेट विनियोजन गरेको छ।
- वडा नं ६ स्थित देउराली माथिवारी सडक स्तरोन्नतिको लागि **रू १० लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं २ स्थित चिलाउनेबास प्रहरी चौकी जाने सडक निर्माणको लागि **रू १५ लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं ६ स्थित सेपतगैरा पात्लेखर्क भुजुङ्गे सडक निर्माणको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं ६ स्थित ढाँडखेत दोबानघाट सडक निर्माणको लागि बजेटमा व्यवस्था गरेको छ।
- वडा नं १ स्थित पंचमूल त्रिवेणी दत्तेलोटे सडक निर्माणको लागि बजेटमा व्यवस्था गरेको छ।
- वडा नं ३ स्थित धाङधुङ दोबिल्ला सडक निर्माणको लागि बजेटमा व्यवस्था गरेको छ।
- वडा नं ४ स्थित सेपत-काफलबोट-कमेरे रिमालस्वारा-पञ्चासे सडक निर्माणको लागि **रू १० लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं ३ स्थित फुलवारी-आर्थर-राम्झा देउराली सडक निर्माणको लागि संघीय सरकारको साझेदारीमा गाउँपालिकाको समेत गरी **रू २ करोड** बजेट विनियोजन गरेको छ।
- वडा नं ३ स्थित साहुडाडा- भिरकटेरी- मोरबाटो स्तरोन्नतिको लागि **रू १० लाख** बजेट विनियोजन गरेको छ।
- पुवाडाँडा-कमेरेपानी-कार्कीनेटा सडक निर्माणको लागि प्रदेश सरकारसँगको साझेदारीमा गाउँपालिकाको समेत गरी **रू ३९ लाख** बजेट विनियोजन गरेको छ।
  गाउँपालिका भित्रका सडक संचालन तथा व्यवस्थापनको लागि बजेटमा व्यवस्था गरेको छ।
- आहाल बरपिप्ले चिसाखोला सडक स्तरउन्नति कार्यको लागि रू २३ लाख बजेट विनियोजन गरेको छ।
- खोरियाघर, सरस्वती मन्दिर हुँदै सम्धीखोला सडक निर्माण कार्यको लागि रू ७ लाख बजेट विनियोजन गरेको छ।

आ व २०८२/०८३ को लागि वडालाई दिएको सिलिङ अनुसार छनौट भई प्राप्त हुन आएका योजनाहरू देहाय अनुसार हुने गरी बजेट विनियोजन गरेको छ-

**सडक**

- **वडा नं १**

  - बालबिकास केन्द्र मल्खुडाँडा गोरेटो बाटो निर्माणका लागि **रू २ लाख**

- ओलिवास जाने गोरेटो बाटो निर्माणका **लागि रू २ लाख**
- छहरामाथी गोरेटोबाटो निर्माणका लागि **रू २ लाख**
- राजास्वाँरा कोखे गोरेटोबाटो निर्माणका लागि **रू २ लाख**
- प्रगतिशिल टोलमा गोरेटो बाटो निर्माणका लागि **रू २ लाख**
- हिले म्हाँजु भञ्याङ गोरेटो बाटो निर्माणका लागि **रू २ लाख**
- काउरे चुत्रेढुङ्गा मोटरबाटो निर्माणका लागि **रू ५ लाख**
- वडा भित्रका मोटरबाटो सरसफाईका लागि **रू ५ लाख**

➢ **वडा नं २ अन्तर्गत**

- वहिया गोरेटो बाटो निर्माणका लागि **रू ३ लाख**
- श्रीण्डाँडाँ लाम्चास मोटरबाटो निर्माणका लागि **रू २ लाख**
- पोखराचौर गोरेटो बाटो निर्माणका लागि **रू २ लाख**
- धारा तिलिम गोरेटो बाटो निर्माणका लागि **रू २ लाख**
- कोलाडाँडाँ खाल्टा मोटर बाटो निर्माण योजनाका लागि **रू २ लाख**
- थुम गोरेटोबाटो निर्माणका लागि **रू २ लाख**
- ग्रामिण सडक सरसफाईका लागि **रू ५ लाख**

➢ **वडा नं ३ अन्तर्गत**

- पाल्तीखेत मनकामना मन्दिरसम्म गोरेटो बाटो निर्माण**को लागि रू २ लाख**
- पुवाँडाँडा महन्चेस मोटरबाटोको स्तरोन्नती योजनाको **लागि रू ५ लाख**
- गुँहेले मोटरबाटो निर्माणका **लागि रू २ लाख**
- मुसुरबारीदेखी मोटरबाटोसम्म गोरेटोबाटो निर्माणका **लागि रू २ लाख**
- तल्लोबारीदेखी सुनारटोल गोरेटोबाटो निर्माण योजनाको **लागि रू २ लाख**
- वडाभित्र सम्पूर्ण सडकको सरसफाई कार्यक्रमका लागि **रू ५ लाख**

➢ **वडा नं ४ अन्तर्गत**

- फिरफिरे रूख मुलाबारी मोटर बाटो निर्माण योजनाका **लागि रू २ लाख**
- रिमालस्वारा गोरेटो बाटो मर्मत योजनाका **लागि रू २ लाख**
- विष्णु मन्दिर जाने गोरेटो बाटो मर्मत योजनाका लागि **रू २ लाख**
- बैढाघाट घोरेढुङ्गा गोरेटो बाटो मर्मत योजनाका **लागि रू २ लाख**
- लौसीबोट गोरेटो बाटो मर्मत योजनाका **लागि रू २ लाख**
- ओखले माटीखन्ने गोरेटो बाटो मर्मत योजनाका लागि **रू २ लाख**
- ओडारबारी बुढापधेरा गोरेटो बाटो मर्मत योजनाको **लागि रू २ लाख**

- वडा भित्र सम्पूर्ण सडकको सरसफाई कार्यक्रमका लागि **रू ४ लाख**

➢ **वडा नं ५ अन्तर्गत**

- बाँस्कोट स्यानी बराहे ठुली बराहे भित्री बाटो निर्माण योजनाको लागि **रू ५ लाख**
- तेर्सा विरमसानसम्म गोरेटो बाटो लागि **रू २ लाख**
- डहरमुनि कामीडाँडा गोरेटो बाटो मर्मत लागि **रू २ लाख**
- मुडुलाडाँडा गहते गोरेटो बाटो (गहते बारी) को लागि **रू २ लाख**
- कपरेडाँडा मोटरबाटो मर्मत तथा डडेला निस्तीखेत मोटर बाटो निर्माण योजनाका लागि **रू २ लाख**
- बुडाघरदेखि चौरसम्म गोरेटो बाटो र बाँकी रहेको चौर ढलानका लागि **रू २ लाख**
- वडा भित्रका ग्रामिण सडक सरसफाईका लागि **रू ५ लाख**

➢ **वडा नं ६ अन्तर्गत**

- शेरा सम्धिखोला झाक्रिथान गोरेटो बाटोको **लागि रू** २ लाख
- छापाटारी मोटरबाटो स्तरीकरणको **लागि रू** २ लाख
- चिलाउनेखर्क पानीट्याङकी मर्मत र ग्रउण्ड देखि प्रेमको तगारो सम्मको गोरेटो बाटोको **लागि रू** २ लाख
- दाद्रा विने तगारा मोटरबाटो निर्माणको **लागि रू ५** लाख
- डाडाथर लोहोस बाटो मर्मत तथा निर्माणको **लागि रू** २ लाख
- पातीखोला कटुवा अम्वोट गोरेटो बाटो निर्माणको **लागि रू** २ लाख
- खर्कदेखि डाडाथर बाटो मर्मत योजनाको **लागि रू** २ लाख

## *भवन तथा अन्य सार्वजनिक निर्माण*

➢ विपन्न नागरीकको आवासको हकको सुनिश्चितताको लागि विपन्न परिबारको आवास निर्माण तथा मर्मतको कामका लागी **रू ५ लाख बजेट** विनियोजन गरेको छु।

➢ सेवा प्रवाहलाई थप छिटो छरितो र आधुनिक बनाउने नीति तथा कार्यक्रम अनुसार वडा नं ६ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा व्यवस्थापन गर्न **रू १० लाख** बजेट विनियोजन गरेको छु।

➢ दाहसंस्कार स्थल निर्माण तथा व्यवस्थापन योजनाको लागि **रू १० लाख** बजेट विनियोजन गरेको छु।

- वडा नं १ छहरामाथि मजुवा टोल स्थित पञ्चवली डाँडामा प्रतिक्षालय र शौचालय निर्माण लागि रू.२ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं १ पंचमूल ढलेपिपल टोलमा पैयुँबोट सामुदायिक भवन स्तरोन्नतिको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं २ स्थित बौद्ध गुम्वाको वत्तीवाल्ने घर निर्माणका लागि रू.३ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं २ सहेली टोलमा रहेको जेष्ठ नागरीक प्रतीक्षालय निर्माणका लागि रू ५ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ४ स्थित कमेरे सिमलचौरमा आमा समूह भवन निर्माणका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित स्मृति आमा समूह भवन मर्मत तथा घेराबारका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ५ ना सेतिदोभान टोलमा प्रवेशमार्ग गेट निर्माणका लागि रू ५ लाख बजेट विनियोजन गरेको छु।
- पालिका अन्तर्गतका मुख्य सडक अन्तर्गत परेका जग्गाको लगतकट्टा कार्यको लागि रू ५ लाख बजेट विनियोजन गरेको छु।
- सिरूवारी पर्यटन पार्क निर्माणका लागि रू २० लाख बजेट विनियोजन गरेको छु।

## *खानेपानी*

आधारभूत खानेपानी सबै बस्तीमा पुर्याउन एक घर एक धारा कार्यक्रमलाई निरन्तरता दिएका छौं। गाउँपालिका भित्र सबै जनताको घरमा आधारभूत खानेपानी पुर्याउने गरी गाउँपालिकाले संघीय सरकार र प्रदेश सरकारको साझेदारीको साथमा आयोजना सञ्चालन गर्ने गरी एक घर एक धाराको नीति अनुरूप बजेटमा व्यवस्था गरेको छु।

- जनताको आवश्यकता अनुसार लागत साझेदारीमा खानेपानी योजनाका लागि **रू ३० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ३ को वडा कार्यालयमा खानेपानी व्यवस्थापनका **लागि रू १० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं १ मा खानेपानी मर्मत योजनाका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं २ स्थित लाम्पाटा वसेवारी खानेपानी मर्मत लागि रू २ लाख बजेट विनियोजन गरेको छु।

- वडा नं ३ स्थित बैडा खहरे खानेपानी योजनाका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- छिहिरा फुवासे खानेपानी मर्मतका लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- धाङ्गधुङ्ग ठाडोखोरिया खानेपानी मर्मत तथा निर्माण योजनाको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- उपल्लो साहुडाँडा खानेपानी टयाङ्की निर्माण योजनाको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- ओखलेपानी खानेपानी मर्मत योजना निर्माणको लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- सेतोपानी नुनथला धारीखोला कारिम्ले खानेपानी योजनाको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- सिम्ले टारी खानेपानी टयाङ्की मर्मत योजनाको लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- नेपाने खानेपानी मर्मत योजनाको लागि रू २ लाख बजेट विनियोजन गरेको छु ।
- वडा नं ४ मा घ्याङ्साङ्दी खानेपानी मर्मत योजनाको लागि रू१ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ५ स्थित मागमा आधारित खानेपानी तथा सिचाई योजनाको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।

## *सिँचाई*

- नगद सहभागीतामा परम्परागत कुला मर्मत तथा संभारका लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- खेतीयोग्य उर्वर जग्गामा उत्पादकत्व वृद्धिमा सहयोग पुर्याउन साना सिँचाई कार्यक्रम अन्तर्गत पाईप तथा जालि व्यवस्थापनका लागि **२० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं. २ स्थित धारा तिलिम टोलमा रहेको चिन्तेचौर सिंचाइ कुलो निर्माण लागि **रू. २ लाख बजेट विनियोजन** गरेको छु।

## *ऊर्जा*

- उज्यालो आँधीखोलाको संकल्प पूरा गर्न नवीकरणिय बैकल्पिक उर्जा तथा सोलार बत्ति जडानका लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छु।
- होमस्टे शिरूवारी-उज्यालो शिरूवारी कार्यक्रमका लागि रू **रू ५ लाख** बजेट विनियोजन गरेको छु।

## *जलाधार संरक्षण, वन, वातावरण, सरसफाइ तथा फोहोर मैला व्यवस्थापन*

पारिस्थितिक प्रणालीको संरक्षण गर्दै जैविक विविधता कायम राख्न बजेटमा व्यवस्था गरेको छु।

- पानीको श्रोतको दिगोपनको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवम् संरक्षण गर्नुको साथै पोखरी तथा कुवा पुनर्भरण र चौतारी संरक्षणको लागि **रू ५ लाख बजेट** विनियोजन गरेको छु।
- **स्वच्छ आँधीखोला गाउँपालिका निर्माण अभियान अन्तर्गत** फोहोरमैलाको दिगो र प्रभावकारी व्यवस्थापनका लागि **रू १० लाख** बजेट विनियोजन गरेको छु।
- **सार्बजनिक जग्गा र सामुदायिक बन क्षेत्रमा माटो सुहाउदो फलफुलका बिरूवा रोपण कार्य** गर्नका लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- जलवायु अनुकुलन सम्बन्धी अनुशिक्षण अभिवृद्धि कार्यक्रम संचालनको लागि **रू १ लाख बजेट विनियोजन** गरेको छु।

## *खेलकुद*

**स्वच्छ जीवनको लागि खेलकुद** भन्ने अभियान अन्तर्गत खेलले खेल्ने व्यक्ति, समाज र सिंगो गाउँपालिकाको गौरव बढाउने अभिप्रायका साथ खेलकुद क्षेत्रको विकासका लागि बजेटमा व्यवस्था गरेको छु।

- जहाँ युवा त्यहाँ खेलकुद भन्ने मूल उद्घोषका साथ युवाहरूको शारीरिक र मानसिक सन्तुलन कायम गर्ने र समाजमा सकारात्मक सोचको विकास गर्ने अभिप्राय स्वरूप गाउँपालिका स्तरीय खेल मैदानको जग्गा प्राप्तिको लागि **रू ५ लाख** विनियोजन गरेको छु।
- अध्यक्ष कप रनिङ शिल्ड प्रतियोगिता तथा विविध सांस्कृतिक कार्यक्रमको लागि रू **१५ लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं ५ सेतीखोला टोलमा रहेको कुलेचौर खेलमैदान निर्माण योजनाको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं १ स्थित बैझाङ खेलमैदान निर्माणका लागि रू ५ लाख बजेट विनियोजन गरेको छु।

## *अन्य पूर्वाधार*

- समपूरक कोषको लागि **रू २ करोड ५० लाख** बजेट विनियोजन गरेको छ।
- झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत **रू ३० लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं ५ स्थित रंगेठाँटी बास्कोटमा पुर्वाधार निर्माणका लागि **रू २५ लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं २ मा टापू ढल निकास योजनाको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं ५ सेतीदोभान बजार भित्रको सबै ढललाई खोला सम्म निकास योजनाको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छ।

## *कानुन*

- मेलमिलापको माध्यमबाट सामाजिक एकतामा जोड दिने संयन्त्रको रूपमा रहेको आँधीखोला गाउँपालिकाको न्यायिक समितिको प्रभावकारीता बढाउन मेमिलापकर्ताहरूको अभिमुखीकरण तालिम कार्यक्रम, न्यायिक समिति सचिवालय संचालन, स्थानीय तह न्यायिक समिति संस्थागत विकास, कानुनी परामर्श, मेलमिलाप केन्द्र व्यवस्थापन,अनुगमन तथा सहजीकरण कार्यक्रमको लागि **रू १० लाख** बजेट विनियोजन गरेको छ।

## *संस्कृति*

- ऐतिहासिक चाड पर्व, मेला महोत्सव, पूजा पाठ, खेलकुद तथा सांस्कृतिक कार्यक्रम जोगाउन लगायत संस्कृति कार्यक्रम चाडपर्व, मेला महोत्सव, दिवसको संरक्षण तथा सम्बर्धनको लागि **रू १० लाख** बजेट विनियोजन गरेको छ।
- श्रवणकुमार अन्धाअन्धीको तपोभूमि लवकुश र दशरथ खेलेको पवित्र स्थानमा धार्मिक पर्यटन महोत्सव तथा यज्ञ आयोजना गर्न रू **१० लाख** बजेट विनियोजन गरेको छ।

## *सहकारी*

- सहकारी सँगको समन्वय, सहकारी संस्थाहरूको दायित्व काम कर्तव्य तथा स्थानीय सरकारको नीतिमा समावेश गराउन सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमुखीकरण तालिम तथा सहकारी शाखा व्यवस्थापनको लागि **रू ५ लाख** बजेट विनियोजन गरेको छ।

## *सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण*

- औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन **रू १० लाख** विनियोजन गरेको छु।
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण जन्म, मृत्यु तथा वसाइसराइ कार्यक्रमलाई थप व्यवस्थित गर्न परिचय पत्र वितरण, अभिलेख अद्यावधिक, शिविर र प्रचारप्रसार, अनुगमनका लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- सामाजिक सुरक्षा भत्ता लाभग्राहीको दर्ता नविकरण घुम्ती शिविर कार्यक्रमको लागि **रू २ लाख** बजेट विनियोजन गरेको छु।
- विपन्न तथा गरीब घरपरिवारको लागि तत्काल सहायतका लागि अन्य सामाजिक सहायता अन्तर्गत **रू ८ लाख** बजेट विनियोजन गरेको छु।

## *विपत् व्यवस्थापन*

- प्राकृतिक प्रकोपको कारण हुन सक्ने क्षतिको न्युनिकरणका लागि उद्धार, राहत र व्यवस्थापन गर्न विपत् व्यवस्थापनको लागि **रू ३० लाख** बजेट विनियोजन गरेको छु।
- वडा नं २ मा विपद व्यवस्थापन तथा मर्मत सम्भारका लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- वडा नं ४ मा चिम्लाहाट पहिरो नियन्त्रणको लागि रू १ लाख बजेट विनियोजन गरेको छु।
- बाङ्सिङ देउरालीमा पहिरो नियन्त्रण तथा पक्की नाला निर्माण योजनाको लागि रू २ लाख बजेट विनियोजन गरेको छु।
- ४ नं वडा भित्रका सबै प्रकारका विपदहरूको व्यवस्थापन गर्नको लागि रू १ लाख बजेट विनियोजन गरेको छु।

## *कार्यालय सञ्चालन, सार्वजनिक सेवा प्रवाह एवम् संस्थागत विकास*

- सार्वजनिक सेवा प्रवाहलाई चुष्त दुरूस्त प्रविधि मैत्री बनाउनको लागि कर्मचारीलाई तालिम प्रदान गरीनेछ। आँधीखोला गाउँपालिकामा कार्यरत अनुशासित, इमान्दार र दक्ष करार सेवाका कर्मचारीहरूको आर्थिक वर्ष २०८२।०८३ मा सेवामा आवश्यकताका आधारमा निरन्तरता कायम गर्ने व्यवस्था मिलाईनेछ।साथै भविष्यमा समेत सेवा वर्ष तथा दक्षताको आधारमा उनीहरूको प्रोत्साहनको विषयलाई गाउँपालिकाले प्राथमिकतामा राखेको छ। छात्रवृत्ति,

मिलापत्र, आर्थिक सहायता, अपाङ्ग परिचयपत्र एवम् अघिल्लो आर्थिक वर्षमा निःशुल्क रूपमा प्रदान गरेको सेवालाई निरन्तरता दिइएको छ।

- उपभोक्ता समिति मार्फत गरीने कामको थप प्रभावकारिताको लागि उपभोक्ता समिति क्षमता अभिवृद्धि तालिम एवम् अनुदानको लागि **रू ३ लाख** विनियोजन गरेको छ।
- वडा नं ५ का टोल विकास संस्था महिला स्वयं सेविका अभिमुखिकरण तथा अनुगमन कार्यक्रमको लागि रू लागि रू ४ लाख बजेट विनियोजन गरेको छ।
- वडा नं ६ मा लक्षित वर्ग अध्ययन अवलोकन भ्रमण कार्यक्रमको लागि रू २ लाख बजेट विनियोजन गरेको छ।
- वडा नं ६ मा लक्षित वर्ग सिप विकास तालिम कार्यक्रमको लागि रू ३ लाख बजेट विनियोजन गरेको छ।
- घर सूचिकरण अभियान अन्तर्गत राजस्व संकलन अभियान कार्यकर्मको लागि **रू २ लाख** विनियोजन गरेको छ।
- सामुदायिक वन व्यवस्थापन अभिमुखीकरणको लागि **१ लाख** बजेट विनियोजन गरेको छ।
- वडा नं ४ मा वडा सेवा केन्द्र संचालन तथा व्यवस्थापन कार्यक्रमको लागि रू ५ लाख बजेट विनियोजन गरेको छ।

## *सूचना तथा संचार प्रविधि*

- आर्टिफिसियल ईन्टेलिजेन्स (AI) प्रयोग सम्बन्धी कर्मचारी र शिक्षकलाई अभिमुखीकरण कार्यक्रमका लागि रू ५ लाख बजेट विनियोजन गरेको छ।
- सामाजिक संजालको संचालन र प्रयोगलाई प्रभावकारी बनाउन सूचना प्रविधि तथा साईबर सेक्युरिटी (Cyber Security) सम्बन्धी कार्यक्रम कार्यक्रमका लागि रू ५ लाख बजेट विनियोजन गरेको छ।
- गाउँपालिकाको विभिन्न वडामा फ्री वाईफाई जोनको व्यवस्था गर्नको लागि रू २ लाख विनियोजन गरेको छ।
- म्हाजू भन्याङ् लगायतका पर्यटकीय र बजार क्षेत्रमा निगरानीका लागि मुख्य बजार केन्द्रमा सि सी टि भि जडान तथा मर्मत कार्यलाई रू ७ लाख बजेट विनियोजन गरेको छ।
- विद्युत आपूर्ति नभएको समयमा समेत सेवा प्रवाह गर्न वडा कार्यालय र स्वास्थ्य संस्थामा सोलार पावर ब्याकअप जडान र मर्मतका लागि रू ५ लाख बजेट विनियोजन गरेको छ।
- गाउँपालिका र वडा कार्यालयमा अर्थिङ गर्नको लागि रू ८ लाख बजेट विनियोजन गरेको छ। आँधीखोला गाउँपालिकाको डिजिटल भिलेज प्रोफाईल तयार गर्नका लागि बजेटमा व्यवस्था गरेको छ।

- वडा कार्यालयमा डिजिटल नागरीक वडापत्र जडानको रू १० लाख बजेट विनियोजन गरेको छु।
- Street Number सहितको साईनबोर्ड व्यवस्थापनका लागि रू १० लाख बजेट विनियोजन गरेको छु।

## *कर्मचारी प्रशासन*

कर्मचारी पारिश्रमिक, तलव तथा अन्य भत्ता, पदाधिकारी सुविधा भत्ता, कार्यालयमा सेवा प्रवाहमा आवश्यक गर्ने विविध विषयसँग सम्बन्धीत कार्यालय सञ्चालन तथा कार्यक्रम खर्च, वडा कार्यालय सञ्चालन खर्च, पालिका अन्तर्गतका विभिन्न विषयगत शाखा तथा कार्यालय सञ्चालन खर्च, आर्थिक सहायता, ढुवान, सञ्चार, इन्धन, अन्य सेवा शुल्क, सञ्चालित सामग्री एवम् मेसिनरी समान मर्मत, अनुगमन मुल्यांकन, भ्रमण, पुस्तक पत्रपत्रिका, छपाइ अभिमुखीकरण तालिम, विविध खर्च, सेवा परामर्श खर्च र गाउँपालिका तथा अन्य प्रशासनिक खर्चको लागि **रू ७ करोड ५७ लाख** बजेट विनियोजन गरेको छु।

- कर्मचारीको मनोबल उच्च पार्ने नीति लाई साकार पार्न सेवाप्रति लगनशील, जिम्मेवार, उत्तरदायी र कर्तव्य निष्ठ बनाउन कर्मचारी सम्मान कार्यक्रम अन्तर्गत रू ३ लाख विनियोजन गरेको छु।
- अस्थायी र करारका कर्मचारीलाई सामाजिक सुरक्षामा आबद्ध गराउनको लागि रू ३० लाख विनियोजन गरेको छु।
- जनप्रतिनिधि र कर्मचारीका लागि तालिम सेमिनार गोष्ठि लगायत क्षमता विकासका कार्यक्रम, सकारात्मक सोच सिकाई सम्बन्धी कार्यक्रम अन्तर्गत रू ३ लाख विनियोजन गरेको छु।
- आँधीखोला गाउँपालिका कार्यालय र पालिका अन्तर्गतका कार्यालयको सेवा प्रवाहलाई चुस्त पारदर्शी एवं जवाफदेही बनाउन घुम्ती सेवा, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण लगायत अन्य सेवाग्राहीमैत्री कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई कार्यक्रमका लागी रू ४ लाख, एकीकृत घुम्ति शिविरको लागी रू ४ लाख र सामाजिक परिक्षणको लागि रू २ लाख गरी कुल १० लाख बजेट विनियोजन गरेको छु।
- टोल विकास संस्थाका पदाधिकारीको क्षमता एवं नेतृत्व विकासका अवसर सिर्जना र टोल विकास संस्थाको संस्थागत विकासका लागि रू ३ लाख बजेट विनियोजन गरेको छु।

- आर्थिक प्रशासन शाखा, योजना शाखा, राजश्व शाखा लगायत अन्य शाखा आधुनिक प्रविधि सहितको सफ्टवेयर प्रणालीबाट सञ्चालन गरेकोमा त्यसको लागि कर्मचारीलाई पुनर्ताजगी तालिम दिन बजेटमा व्यवस्था गरेको छ।

पन्ध्रौं गाउँसभाद्वारा आर्थिक वर्ष २०८१/०८२ को लागि स्वीकृत भएको बजेट तथा कार्यक्रम, १६ औं गाउँसभाद्वारा पारित संशोधित बजेट र कार्यपालिकाको बैठकबाट छनौट गरी कार्यान्वयन भएका सवै योजना तथा कार्यक्रमहरू, कर्मचारी तथा पदाधिकारीको सम्पूर्ण सेवा सुविधा बापतको खर्च रकम समेत यस सत्रौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतको लागि प्रस्ताव पेश गरेको छु।

- विभिन्न आकस्मिक तथा भैपरी आउने पूँजीगत खर्च, विपत् व्यवस्थापन खर्च तथा प्रकोप व्यवस्थापन कोषबाट भएको सम्पूर्ण खर्च यसै सत्रौं गाउँसभाबाट अनुमोदन सहित स्वीकृतका लागि प्रस्ताव पेश गरेको छु।
- आ.व २०८१/०८२ मा दहत्तर बहत्तरबाट बाँडफाँड भई आएको राजश्व रकम नियमानुसार विनियोजित भएका कार्यक्रम खर्च अनुमोदनका लागि पेश गरेको छु।
- संघीय सशर्त अनुदानबाट प्राप्त रकम स्थानीय संचित कोष प्रणालीमा भएका थपघट रकमको अनुमोदनका लागि पेश गरेको छु।
- आ.व २०८१/०८२ मा सम्पन्न विभिन्न विषयगत समिति, न्यायिक समिति र लेखा समितिको वार्षिक प्रतिवेदन समेत अनुमोदनका लागि पेश गरेको छु।
- महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व २०८०/०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदन समेत अनुमोदनका लागि पेश गरेको छु।

## आर्थिक ऐन र विनियोजन ऐन

- आँधीखोला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका निम्ति स्थानीय कर दस्तुर, शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा -२२८ को उपधारा २ बमोजिम कार्यपालिकाबाट स्वीकृत गरी यस गाउँसभा समक्ष आर्थिक विधेयक र सोका अनुसूची समेत स्वीकृतका लागि यसै साथ पेश गरेको छु।

- आँधीखोला गाउँपालिका, स्याङ्जाको आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय

भएकोले नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम कार्यपालिकाबाट स्वीकृत विनियोजन विधेयक २०८२ यसै साथ सम्लग्न गरी स्वीकृतिका लागि पेश गरेको छु।

- प्रस्तावित आगामी आर्थिक वर्षमा कार्यान्वयन हुने आयोजन तथा कार्यक्रमको विस्तृत विवरण वार्षिक विकास कार्यक्रम अनूसूचीमा उल्लेख गरेको छु।

यस सम्मानित सत्रौं सभाका समाध्यक्ष महोदय, सभाका सचिवज्यू, सभासद ज्यूहरू, कर्मचारी एवम् पत्रकार मित्र आम समुदाय लगायत हामीलाई प्रत्यक्ष प्रसारण मार्फत हेरी रहनु र सुनिरहनु हुने सम्पूर्ण महानुभावहरू,

आँधीखोला गाँउपालिकाका सत्रौं सभाको पहिलो बैठकबाट पारित नीतिलाई मूर्तरूप प्रदान गर्न हामिले उच्चतम मितव्ययिता लाई आत्मसाथ गर्दै आ.व.२०८२/०८३ को आय/ व्यय अनुमानित बजेट समग्र आर्थिक परिवेश र आँधीखोलाको आवश्यकतामा आधारीत भई नीति तथा कार्यक्रममा प्राथमिकतामा रहेका कृषि, शिक्षा, स्वास्थ्य र स्वरोजगारीका क्षेत्रलाई प्राथमिकतामा राख्दै बजेट विनियोजन भएको छ। भौतिक पूर्वाधारमा उल्लेखनीय प्रगति गरिएको साथै कृषि, स्वास्थ्य, शिक्षा र स्वरोजगारीका सुचकाङ्कहरू पनि क्रमश प्रगति उन्मूख रहेका छन्। प्रस्तुत बजेट कार्यान्वयन पश्चात समग्र नागरीकको आर्थिक, सामाजिक जिवन, अभिवृद्धि गर्दै गुणस्तरिय शिक्षा स्वास्थ्य र रोजगारीमा अभिवृद्धि गर्न सबै नागरीकले राज्यबाट सामाजिक सुरक्षा एवम संरक्षण तथा समावेशी विकास प्रक्रिया अवलम्बन गर्ने र स्वस्थ शिक्षित, समून्नत सुसस्कृति र न्यायपूर्ण समाज निर्माणमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा लिएको छु।

संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान २०७२ जारी भई संविधानाने प्रत्याभूत गरेको संवैधानिक अधिकार अंगीकार गर्दै, स्थानीय सरकारले सम्पादन गर्नुपर्ने अधिकार र कर्तव्यको बीचमा आर्थिक तथा सामाजिक विकासको जगमा उभिदै सम्वृद्ध आँधीखोला, सुखी आँधीखोला वासीको आकाक्षां हाँसिल गर्ने ईमान्दारिता र उत्साहका साथ लाग्न हामी प्रतिवद्ध छौं। हामीलाई निरन्तर साथ सहयोग, सल्लाह, सुझाव र हौसला प्रदान गर्नुहुने सबै राजनीतिक दल, सम्पूर्ण जनप्रतिनिधी ज्यूहरू, संघीय/ प्रदेश माननिय ज्यू, सामाजिक संघ संस्था, निजी क्षेत्र, संचार जगत, सुरक्षाकर्मी, स्वदेश तथा विदेशमा रहेनु हुने आम यूवा समुदाय लगायत सम्पूर्ण महानुभाव प्रति हार्दिक कृतज्ञता प्रकट गर्दै आगामी दिनमा पनि यस्तै सहयोग, राय, सल्लाह र सूझावको अपेक्षा राखेका छौं।

आर्थिक परिस्थितिको कारण राजस्वमा कमी , गाउँपालिकाको अनुमानित आय एवम् राजश्व प्राप्त हुन नसकेको खण्डमा योजना तथा कार्यक्रम आगामी आर्थिक वर्ष कार्यान्वयन एवम् स्रोत सुनिश्चितता गर्न नसकेमा त्यस्ता आयोजनाहरू आगामी आर्थिक वर्ष २०८३/०८४ मा क्रमश कार्यान्वयन गरीनेछ।

संवैधानिक अधिकार र यसै बजेटको परिधिभित्र रहेर आ.व. २०८२/०८३ का योजना संचालन हुनेछन्। पूर्वाधार तर्फका योजना फाल्गुन मसान्तसम्म र अन्य कार्यक्रम जेष्ठ मसान्तसम्म कार्यान्वयन गर्ने सबल पक्षलाई यस आ.व. मा समेत लागू गर्ने नीतिगत व्यवस्था गरिएको छ। यसले समग्र गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक सामाजिक क्षेत्रको समग्र विकासमा विगत वर्ष झैं सकारात्मक प्रभाव पार्नेछ भन्ने आशा गरेको छु। यस गाउँपालिकाको बजेट तयारीको क्रममा विभिन्न चरणमा आ-आफ्नो स्थानबाट मार्गदर्शन दिनुहुने राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक संघ संस्था, टोल विकास संस्था लगायतका सामाजिक सञ्जालबाट समेत महत्वपूर्ण सल्लाह सुझाव दिनुहुने सम्पूर्ण महानुभावमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

अन्त्यमा, मुलुकभित्र र बाहिर रहनु भएका गाउँपालिकाको आधिकारिक सामाजिक सञ्जालबाट प्रत्यक्ष प्रसारण सुनिरहनुभएका आँधीखोलावासी तथा नेपाली आमाबुवा, दिदीबहिनी तथा दाजुभाइ लगायत सम्पूर्णमा सवल, समृद्ध र न्यायपूर्ण आँधीखोला निर्माणमा योगदान गर्न अनुरोधका साथ विदा हुन चाहन्छु।

**धन्यवाद नमस्कार**

**जय आँधीखोला**

**जय आँधीखोला वासी !!**

*सिता थापा*

*उपाध्यक्ष*

*इति सम्वत् २०८२ असार ९ गते रोज २ शुभम्*